राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ३९, वैशाख १८ गते शुक्रबार, २०८३ (1 May, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# क्रमशः ओझेल पर्दै ११ वैशाखको रापताप

## 'परम्परा धान्न' मै सीमित लोकतन्त्र दिवस, सार्थकतामै प्रश्नचिह्न

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** देशभर वैशाख ११ गते विभिन्न कार्यक्रम आयोजना गरी २०औं लोकतन्त्र दिवस मनाइयो । यद्यपि यसपालिको लोकतन्त्त दिवस खासै उल्लासमय नभई सामान्य औपचारिकतामा सीमित रहेको सर्वत्र अनुभूति गरियो ।

२०५९ जेठ ८ गते विघटन भएको संसदलाई तत्कालीन अवस्थाका जनयुद्धरत एवम् जनसंघर्षको रूपमा आन्दोलनरत दलहरूको मार्गचित्र बमोजिम पुनर्स्थापना गरेर आन्दोलनका अन्य मूलभूत एजेन्डा समेत स्वीकार्न तत्कालीन राजा ज्ञानेन्द्र बाध्य भएको दिन हो ११ वैशाख, २०६३ । 'जनता विजयी' भएको सोही खुसीयालीमा २०६४ देखि नियमित रूपले देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो ।




२०५९ असोजमा संसद विघटनपछि सशस्त्र द्वन्द्वका कारण निर्वाचन हुन सकेन । निर्वाचन नभएपछि राजाले इच्छा लागेका मानिसलाई प्रधानमन्त्री बनाउने र हटाउने शृंखला चल्यो । तत्कालीन राजा ज्ञानेन्द्रले लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र शेरबहादुर देउवा गरी तीन जनालाई प्रधानमन्त्री बनाउँदै हटाउँदै गरे । २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा (माओवादी) का बीच १२ बुँदे समझदारी भयो ।

जनयुद्धरत तत्कालीन विद्रोही नेकपा (माओवादी) र राजधानीमा संघर्षरत सात संसदवादी दलहरूका बीच २०६२ मंसिरमा १२ बुँदे समझदारी भयो । तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति उक्त समझदारीको माध्यमबाट दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । विद्रोहीका तर्फबाट नेकपा (माओवादी) र संसदवादी दलहरूका तर्फबाट नेपाली कांग्रेसको संयुक्त नेतृत्वमा २०६२ फागुनदेखि सुरु भएको आन्दोलनको मूल नेतृत्वका रूपमा पूर्वप्रधानमन्त्री एवं

क्रमशः अन्तिम पृष्ठमा

# सेवा प्रवाहको अवरोध हटाउन अध्यादेश : सल्लाहकार शाह

**काठमाडौं ।** कानुनी जटिलताका कारण जनसरोकारका काम र सेवा प्रवाहलाई चुस्त बनाउन समस्या परेकाले सोको समाधानका लागि अध्यादेश ल्याइएको प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहले जिकिर गरेका छन् ।

सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउनका लागि आवश्यक पर्ने महत्त्वपूर्ण कदम चाल्न लोकतान्त्रिक मान्यतालाई आत्मसात गरेर अध्यादेश सिफारिस गरेको समेत उनको दावी थियो । सल्लाहकार शाहले सामाजिक सञ्जालमार्फत सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउन महत्त्वपूर्ण कदम चालेको जिकिर गरेका छन् । त्यही प्रयोजनका लागि यही वैशाख १४ गतेको मन्त्रिपरिषद बैठकले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश प्रमाणीकरणका लागि सिफारिस गरेको पनि उनले बताएका छन् ।

वर्तमान सरकार गठन भएलगत्तै सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिले नयाँ जनादेशको मर्मअनुसार शासकीय सुधारका लागि राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरूलाई मार्गप्रशस्त गर्न आह्वान गरेका थिए । 'सो आग्रहका बाबजुद कार्यसम्पादन र समन्वयमा देखिएका व्यवहारिक कठिनाइलाई सम्बोधन गर्न सरकारले यो कानुनी बाटो रोजेको हो' सल्लाहकार शाहले लेखेका छन् 'यसले कार्यसम्पादनमा देखिएका अवरोध 'डेड्लक' अन्त्य गरी नतिजामुखी शासन पद्धति स्थापित गर्न सहज हुनेछ ।'

उनले सार्वजनिक सरोकारका निर्णय निश्चित समयभित्रै सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभूति गराउन सो अध्यादेश ल्याइएको पनि प्रष्ट पारेका छन् । पुराना र जटिल कानुनी प्रावधानका कारण जनहितका कार्यमा हुने विलम्बलाई यसले अन्त्य गर्ने जानकारी दिँदै उनले विगतमा दशकौंसम्म अल्झिएका प्रक्रियागत समस्यालाई पहिचान गरी तिनको दिगो र वैज्ञानिक समाधान निकाल्ने सरकारको लक्ष्य रहेको पनि बताए ।

'यी अध्यादेश कुनै व्यक्ति वा समूहको स्वार्थका लागि नभई विशुद्ध रूपमा नागरिकको हित र राज्य संयन्त्रको प्रभावकारिताका लागि ल्याइएको छ' उनले लेखेका छन् 'कानुनी जटिलताका कारण जनसरोकारका काम रोकिनु हुँदैन भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गर्दै यसले देशको समृद्धिको यात्रालाई थप गति दिने बलियो आधार खडा गरेको छ ।' चुनिएर गएका प्रतिनिधिमार्फत जनताको मत व्यक्त गर्ने संस्था संसदको रोकेर सरकारले भटाभट अध्यादेश ल्याएको भन्दै सर्वत्र विरोध भइरहेका बेला प्रधानमन्त्रीका सल्लाहकार शाहले उक्त भनाइ सार्वजनिक भएको हो ।

# कम्युनिस्ट सङ्गठनात्मक समस्या र चुनौतीहरू

समय सन्देश

रामसिंह श्रीस

क्रान्ति सम्पन्न गर्नका लागि सही राजनैतिक कार्यदिशा हुनुको साथै त्यो कार्यदिशालाई सफलतामा पुर्‍याउनको लागि क्रान्तिकारी पार्टीको आवश्यकता अनिवार्य छ । क्रान्तिकारी पार्टी बिना क्रान्तिकारी राजनैतिक कार्यदिशा सफल हुन सक्दैन । त्यसकारण पार्टीलाई कसरी क्रान्तिकारी बनाउने भन्ने प्रश्न अत्यन्तै महत्त्वपूर्ण प्रश्न हो । पार्टीमा रहेका कमीकमजोरीहरूलाई हटाएर मात्र एउटा क्रान्तिकारी पार्टी निर्माण गर्न सकिन्छ । त्यसैले यहाँ पार्टीमा देखिएका मुख्य-मुख्य समस्याहरूको पहिचान र त्यसको निराकरणको बारेमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ ।

### जनाधार निर्माणमा समस्या

ऐतिहासिक भौतिकवादले इतिहासको निर्माता जनता हुन भन्दछ । व्यापक जनताको सहभागिता बिना कहींको पनि क्रान्ति सफल भएको छैन । पार्टी जति सुकै अनुशासित र क्रान्तिकारी भए पनि यदि त्यस पार्टीको व्यापक जनाधार छैन भने त्यस्तो पार्टीले क्रान्ति सम्पन्न गर्न सक्दैन । त्यसकारण पार्टीले जनताको ठुलो हिस्सालाई क्रान्तिमा सहभागी बनाउन सक्नु पर्दछ । कम्युनिस्ट पार्टी सर्वहारा वर्गको राजनैतिक पार्टी भएको हुनाले उसले मुख्यतः सर्वहारा वर्ग तथा श्रमिक जनताको बीचमा जरा गाड्न सक्नु पर्दछ । सोभियत सङ्घको कम्युनिष्ट पार्टी (बोल्सेभिक) को इतिहासमा भनिएको छ- "पार्टीको इतिहासले हामीलाई के सिकाउँछ भने जबसम्म आम जनतासित पार्टीको व्यापक सम्बन्ध हुँदैन, जबसम्म त्यसले स्वसम्बन्धलाई निरन्तर बलियो पार्दैन, जबसम्म त्यसले जनताको आवाज सुन्न र जनताका जरुरी खाँचोहरूलाई बुझ्न जान्दैन, जवसम्म त्यो जनतालाई

क्रमशः दोस्रो पृष्ठमा

> विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरुका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरुकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

जनजिब्रो साप्ताहिक
वर्ष- ३१, अङ्क- ३९, वैशाख १८ गते शुक्रबार, २०८३

## सम्पादकीय

# लोकतन्त्र दिवस : अग्रगमन र प्रतिगमनको दोसाँध

यतिबेला हामी बीसौं लोकतन्त्र दिवस मनाइरहेका छौं। तर, वर्तमान सन्दर्भमा मनाइँदै गरेको लोकतन्त्र दिवस ऐतिहासिक विकासक्रमको यतिबेलाको शृङ्खलामा भने मुलुक अग्रगमनतिर अघि बढ्ने कि फेरि पछौटो युगतिरै फर्कने भन्ने खालको दोसाँधमा रुमल्लिएको सर्वत्र अनुभूति गरिँदैछ।

निरङ्कुश राजतन्त्रको उन्मुलन गरेर सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने मुख्य ढोका उघ्रिएको यो ऐतिहासिक सन्दर्भ नेपालको इतिहासमा स्वर्णाक्षरले अङ्कित छ। गणतान्त्रिक व्यवस्थालाई संस्थागत गरेर वैज्ञानिक समाजवादतर्फ अग्रसर हुन सक्दा मात्र यस ऐतिहासिक खुट्किलाको सार्थकता सावित हुन सक्दथ्यो र सक्तछ। तर, घुमीफिरी पुरानै रुढीवादी संसदीय व्यवस्थाको गोलचक्करभित्र फस्न पुग्दा वर्तमान सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामाथि नै सर्वत्र प्रश्नचिह्न खडा हुन पुगेको छ। यही दूरावस्थाको नाजायज फाइदा उठाएर स्वदेशी प्रतिगमनकारी तत्त्वहरू र वैदेशिक साम्राज्यवादी शक्तिहरू मुलुकमा भयङ्कर प्रतिगमन लादेर नेपाल राष्ट्र र नेपाली जनतालाई फेरि पश्चगामी अन्धकारको सुरुङतर्फ धकेल्ने दुस्प्रयासमा लागेका छन्।

गणतान्त्रिक व्यवस्थाका मुख्य संस्थापक र नायकहरूले नै बाटो बिराउँदा र अग्रगमनकारी नीति, योजना र कार्यक्रम विन्यास गरेर त्यसतर्फको नेतृत्व गर्न नसक्दा मुलुक र जनता दुर्भाग्यपूर्ण अवस्था भोग्न अभिशप्त भएका छन्। अतः इमानदारहरूले हिम्मत जुटाउनुपर्छ र देशलाई समाजवादी उज्यालोतर्फ डोऱ्याउने साहस र विवेक प्रदर्शन गर्न सक्नुपर्छ।

## कम्युनिस्ट सङ्गठनात्मक...

सिकाउने मात्र होइन, जनताबाट सिक्न पनि तयार रहदैन, तबसम्म मजदुर वर्गको पार्टी लाखौं मजदुरहरू र सारा श्रमिक जनताको नेतृत्व गर्न सक्ने सच्चा जनपार्टी बन्न सक्दैन।"[१] यस सम्बन्धमा स्टालिन भन्नुहुन्छ – "नियमको रूपमा कुन कुरालाई लिनुपर्दछ भने जबसम्म बोल्सेभिकहरू व्यापक जनसमुदायहरूसित सर्म्पकमा रहन्छन्, तिनीहरू अजेय बन्नेछन्। त्यसको उल्टो यदि बोल्सेविकहरू आम जनताबाट अलग हुन्छन् र तिनीहरू सितको सम्पर्क गुमाउँछन् भने, यदि उनीहरू नोकरशाही ढुसीले ढाकिएर रहन्छन् भने तिनीहरूले आफ्नो सारा तागत गुमाउने छन् र भुटिभाङमा फेरिने छन्।"[२]

यही कुरालाई अरु स्पष्ट पार्दै स्टालिनले भन्नुहुन्छ- "यदि पार्टी गैरपार्टी जनतासित सम्बन्धित छैन भने, यदि त्यस पार्टी र गैरपार्टीको जनताका बीचमा सम्बन्ध छैन भने, यदि गैर पार्टी जनता पार्टीको नेतृत्वलाई मान्दैन भने, यदि आम जनताको बीचमा पार्टीको नैतिक तथा राजनीतिक प्रतिष्ठा छैन भने, पार्टीले वर्गको नेतृत्व गर्न सक्दैन"।[३]

लेनिन र स्टालिनका साथै क. माओले पनि पार्टीको जनतासँग गहिरो सम्बन्ध हुनुपर्ने कुरामा जोड दिनुभएको छ। जस्तो क. माओ भन्नुहुन्छ, "मार्क्सवाद-लेनिनवादको सिद्धान्तबाट सुसज्जित, स्वआलोचनाको पद्धतिलाई अँगालेको र जनसमुहसँग गाँसिएको अनुशासनबद्ध पार्टी; यस्तो पार्टीको नेतृत्वको मातहतमा सेना; यस्तो पार्टीको नेतृत्व अर्न्तगत सबै क्रान्तिकारी वर्ग र सबै क्रान्तिकारी डफ्फाको संयुक्त मोर्चा, यिनै तीन मुख्य हतियार हुन्, जसबाट हामीले शत्रुलाई हरायौं।"[४] यहाँ माओले जनसमुहसँग गाँसिएको अनुशासीत पार्टीको कुरा गर्नु भएको छ। एकातिर पार्टी जनसमुहसँग गाँसिएको हुनुपर्दछ भने अर्कोतिर पार्टी अनुशासित पनि हुनुपर्दछ। माओले पार्टी जनतासँग गाँसिएको हुनुपर्ने कुराको अझ विकसित रूपको कुरा गर्दै जनसेना नभएको जनताको आफ्नो भन्ने केही हुन्न सम्म भन्नुभएको छ।

उल्लेखित उद्धरणहरू व्यवहारबाट पुष्टि भएका कुराहरू हुन्। यी उद्धरणहरूबाट क्रान्तिकारी पार्टीको लागि जनाधार, पार्टीको जनतासँगको सम्बन्ध कति महत्त्वपूर्ण छ भन्ने कुरा स्वतः स्पष्ट हुन्छ। तर आज हाम्रो पार्टीमा देखा परेको महत्त्वपूर्ण समस्या भनेको पार्टीको जनाधार एकदमै कमजोर हुनु हो। आज पार्टीको धेरै जिल्लाहरूमा सङ्गठनहरू छन्। तर जिल्लाहरूमा पार्टीको जनाधार कमजोर छ। यो समस्यालाई हल नगरिकन हाम्रो पार्टीले आफ्नो क्रान्तिकारी उदेश्य प्राप्त गर्न सक्दैन। आज हाम्रो पार्टीको देशव्यापीरूपमा पार्टी सङ्गठनहरू छन्, तर ती पार्टी सङ्गठनहरूको वरिपरि जनाधार अत्यन्तै कमजोर छ। हामीले निकै मेहतन गरेका छौं। निरन्तर खटिएर दुःख, गरेर पार्टी सङ्गठनहरू बनाएका छौं तर पार्टीको जनाधार व्यापक बनाउन सकेका छैनौं। यो आजको हाम्रो पार्टीको यथार्थ हो।

हामीले पार्टीको जनाधार व्यापक बनाउन किन सकेनौं ? यसको निर्मम समीक्षा गर्न जरुरी छ। हाम्रो नीतिमा कमजोरी रह्यो कि ? हाम्रो सङ्गठनात्मक प्रणालीमा कमजोरी छ कि ? हाम्रो जनसङ्गठनहरूको नेतृत्वहरूमा कमजोरी छ कि वा हामीले अहिलेको अवस्थामा नयाँ कुरा विकास गर्न सकेनौं कि ? आदि। यी प्रश्नहरूको गम्भीर भएर उत्तर खोज्नै पर्दछ र यो समस्यालाई समाधान गर्नै पर्दछ।

पार्टीले जनाधार निर्माण गर्नका लागि सर्वप्रथम श्रमिक जनताको तात्कालिक व्यवहारिक समस्याहरू के हुन् ? त्यसको पहिचान गर्नु पर्दछ। पार्टीले जनताको व्यावहारिक समस्याहलाई आन्दोलनको रूपमा अगाडि बढाउनु पर्दछ। यदि पार्टी जनताको व्यावहारिक समस्याहरूसँग जोडिएन भने पार्टी र जनताबीचको सम्बन्ध विस्तार हुन सक्दैन। यसको लागि केन्द्रीय पार्टी निकायहरूले आम रूपमा र स्थानीय पार्टी निकायहरूले जिल्ला र त्यसभन्दा तल्ला पार्टी सङ्गठनहरूले विशिष्ट रूपमा जनताका समस्याहरूको पहिचान गरी ती समस्याहरूलाई मागको रूपमा अगाडि सार्दै आन्दोलनलाई अगाडि बढाउनु पर्दछ। स्थानीय जनताका साझा समस्याहरूलाई केन्द्रमा राखेर त्यसै अनुरूपको गैर पार्टी सङ्गठनहरूको पनि निर्माण गर्दै जानु पर्दछ। श्रमिक वर्ग तथा उत्पीडित समुदायहरूको समस्यासँग पार्टीलाई नजोडिकन हामीले जनतालाई पार्टीप्रति आकर्षित गर्न सक्दैनौ। उनीहरूको दैनिक व्यवहारसँग पार्टीलाई जोडनै पर्दछ।

पार्टीले पार्टी सङ्गठनहरू बाहेक गैरपार्टी सङ्गठन निर्माण गर्दै जानु पर्दछ। गैरपार्टी सङ्गठनहरू निर्माण गर्दा सम्बन्धित वर्ग तथा समुदायको समस्याहरूको पहिचान गरी ती समस्याहरूको वैज्ञानिक ढङ्गले हल गर्ने उपायहरू खोज्नु पर्दछ। मजदुरहरू अर्थात् अन्य जनसङ्गठनहरू एक प्रकारले व्यावसायिक सङ्गठन हुनु पर्दछ र यसको बढी भन्दा बढी व्यापक सङ्गठन बनाउनु पर्दछ।

हामीले मजदुर किसान जस्ता वर्गीय सङ्गठनहरू बनाएका छौं। ठीक त्यसरी नै युवा, विद्यार्थी, महिला, जस्ता जनसङ्गठन र उत्पीडित जातीय सङ्गठनहरू पनि बनाएका छौं। पार्टीको जनाधार निर्माण गर्ने सङ्गठनहरू भनेको यीनै जन तथा वर्गीय सङ्गठनहरू हुन्। तर हाम्रा यी जन तथा वर्गीय सङ्गठनहरू पनि विस्तार हुन सकेका छैनन्। विस्तार हुन नसक्नुको कारण के हो ? यस विषयमा हामीले समीक्षा गरेर अगाडि बढ्नु पर्दछ। वर्गीय सङ्गठनहरू विस्तार हुन नसक्नुमा हामीले उनीहरूलाई पेशागत सङ्गठनको रूपमा परिचालन गर्न सकिरहेका छैनौं। ठीक त्यसरी नै जनसङ्गठनहरूलाई पनि उनीहरूको विशिष्ट समस्याहरूलाई उठाएर आन्दोलित गराउन सकेका छैनौं।

आम श्रमिक वर्गलाई उनीहरूको आर्थिक मागहरू राखेर उनीहरूको व्यावहारिक समस्याहरूलाई उठाएर सङ्गठित र आन्दोलित गराउनु पर्दछ। निश्चितरूपमा उनीहरूलाई आर्थिक मागहरूमा मात्र सीमित गर्नु अर्थवाद हुन्छ। उनीहरूलाई विस्तारै राजनैतिक अधिकारसँग जोडेर मुख्यतः राजनैतिक सत्ता प्राप्तिमा नै केन्द्रित गर्नुपर्दछ। तर आज जन तथा वर्गीय सङ्गठनहरूको जे अवस्था छ त्यो अवस्थामा उनीहरूको आर्थिक र व्यावहारिक समस्याहरूलाई नै उठाएर सङ्गठित र आन्दोलित गर्नु पर्दछ। गैरपार्टी सङ्गठनहरूलाई व्यापकरूपमा विस्तार गर्न नसक्नुमा हाम्रा सङ्कीर्ण सोच तथा चिन्तनहरूले पनि असर गरिरहेको छ। गैर पार्टी सङ्गठनहरू (जन तथा वर्गीय सङ्गठनहरू) को जिम्मा लिएका नेतृत्वदायी कमरेडहरूले जातीय, क्षेत्रीय तथा पूर्व समूहको मानसिकताभन्दा माथि उठेर योग्यता र क्षमताको आधारमा सङ्गठन निर्माण र सञ्चालन गर्नमा जोड दिनुपर्दछ।

### जनवादी केन्द्रीयताको बुझाइ र व्यवहारमा समस्या

सङ्गठन परिचालनको लागि लेनिनले प्रतिपादन गरेको विधि भनेको जनवादी केन्द्रीयताको सिद्धान्त हो। एउटा कालखण्डमा यो सिद्धान्त सबै कम्युनिस्टहरूको लागि सर्वमान्य थियो। तर अहिले लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रियताको सिद्धान्त अनुसार सङ्गठनको काम अब फलदायी हुनसक्दैन भन्ने अवधारणा पनि आइरहेको छ। उनीहरूको तर्क यो छ कि लेनिनको समय भन्दा अहिले उत्पादन प्रणालीको विकास धेरैमाथि पुगेको छ। त्यतिवेलाको उत्पादन प्रणाली र आर्थिक सामाजिक संरचनाको आधारमा बनेको जनवादी केन्द्रीयताको सिद्धान्त अहिलेको आर्थिक सामाजिक प्रणालीमा लागू हुन सक्दैन भन्ने तर्क छ। अर्थात् लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रीयताको सिद्धान्तले अब काम गर्न सक्दैन भन्ने हो। यस प्रकारको तर्क उपयुक्त छैन। मार्क्स र एङ्गेल्सको समय भन्दा अहिलेको उत्पादन प्रणालीको विकास धेरै भएको छ। त्यसको आधारमा मार्क्सले प्रतिपादन गरेको सिद्धान्तहरू अव पुराना भए भनेर भन्न सकिन्न। मार्क्सले प्रतिपादन गरेको मुख्य कुरा वर्गसङ्घर्षको सिद्धान्तलाई सर्वहारा अधिनायकत्वको मान्यतासम्म लैजाने कुरा हो। उत्पादन प्रणालीको जति विकास भए पनि समाज अहिले पनि वर्गमा विभाजित छ। वर्गविहिन समाज निर्माणका लागि वर्ग सङ्घर्षको सिद्धान्तलाई सर्वहारा वर्गको अधिनायकत्वको सिद्धान्तसम्म लैजानु पर्ने आवश्यकता अहिले पनि छ। यो वर्गसङ्घर्षमा सर्वहारावर्गको पक्षबाट सङ्घर्ष गर्ने सङ्गठनलाई लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रीयताको सिद्धान्त अहिले पनि आवश्यक छ।

लेनिनले प्रतिपादन गरेको जनवादी केन्द्रीयताको सिद्धान्तको औचित्य समाप्त भइसक्यो भन्ने अवधारणा हाम्रो पार्टीभित्र आइसकेको छैन। तर लेनिनको जनवादी केन्द्रीयताको सिद्धान्तलाई सही तरिकाले बुझ्ने र लागु गर्ने प्रश्नहरूमा भने समस्याहरू छन्। यी समस्याहरूलाई समाधान गर्नुपर्दछ। कतिपय अवस्थामा हाम्रो पार्टीमा पनि जनवादी केन्द्रीयताको सिद्धान्तलाई औपचारिक जनवाद वा यान्त्रिक केन्द्रीयताका रूपमा बुझ्ने र व्यवहार पनि त्यही अनुसार गरिने कमजोरीहरू पाइन्छन्। लेनिनले औपचारिक जनवाद र यान्त्रिक केन्द्रीयता, यी दुवै प्रवृत्तिहरूको विरोध गर्नुभएको छ। लेनिनको दृष्टिकोणमा जनवादी केन्द्रीयता भनेको केन्द्रीयता र सर्वहारा जनवादको सम्मिश्रण हो। जस्तो लेनिन भन्नुहुन्छ, "कम्युनिस्ट पार्टी सङ्गठनमा जनवादी केन्द्रीयता एउटा वास्तविक संश्लेषण, केन्द्रीयता र सर्वहारा जनवादको सम्मिश्रण हुनुपर्दछ।" यो सम्मिश्रण सम्पूर्ण पार्टी सङ्गठनको निरन्तर समान कार्य र निरन्तर समान सङ्घर्षको आधारमा मात्र प्राप्त गर्न सकिन्छ।"[५]

पार्टीमा प्रायः सवैले जनवादी केन्द्रीयता भनेको केन्द्रीयता र जनवादको सम्मिश्रण हो भनेर भन्ने गरेको पाइन्छ। यो भनाइ लेनिनको भनाइ भन्दा फरक छ। किनभने लेनिनले जनवाद मात्र भन्नुभएको छैन। उहाँले त 'सर्वहारा जनवाद' भन्नु भएको छ। जनवाद र सर्वहारा जनवादमा अन्तर छ। सर्वहारा जनवाद भन्नाले सर्वहारा वर्गको हितको पक्षमा बोल्नु, बहस गर्नु हो। जनवाद मात्र भन्ने शब्दले अन्य वर्गको हितको पनि कुरा गर्दछ। लेनिनले 'सर्वहारा जनवाद' भनेर जुन शब्द प्रयोग गर्नु भएको छ, त्यसको गम्भीर प्रकारको वर्गीय अर्थ छ। त्यसकारण कम्युनिस्ट पार्टीमा सर्वहारा वर्गको हितको लागि जनवाद हुन्छ। त्यस भन्दा अन्य शोषक वर्गको हितको लागि जनवादको कुरा गर्नु गलत हुन्छ।

त्यसैगरी लेनिनको दृष्टिकोणमा केन्द्रीयता भनेको यान्त्रिक केन्द्रीयता होइन। उहाँको दृष्टिकोणमा केन्द्रीयता भनेको कम्युनिस्ट क्रियाकलापको केन्द्रीकरण र दरिलो नेतृत्व निर्माण गर्नु हो। जस्तो लेनिन भन्नुहुन्छ, "कम्युनिस्ट पार्टी सङ्गठनमा केन्द्रीयताको अर्थ औपचारिक अर्थात् यान्त्रिक केन्द्रीयता होइन, बरु कम्युनिस्ट क्रियाकलापको केन्द्रीकरण हो अर्थात् युद्धको निम्ति तयार र साथै हरेक किसिमको परिस्थितिमा आफूलाई त्यस अनुकूल बदल्ने क्षमता भएको दरिलो नेतृत्व निर्माण हो।"

लेनिनले यहाँ औपचारिक र यान्त्रिक केन्द्रीयता होइन भन्नुभएको छ। तर हाम्रो पार्टीमा पनि कतै न कतै केही मात्रामा औपचारिक र यान्त्रिक केन्द्रीयता अपनाइएको आभाष हुन्छ। त्यस प्रकारको केन्द्रीयता छोडेर वास्तविक केन्द्रियता लागु गर्नु पर्दछ। ठीक त्यसरी नै औपचारिक जनवाद होइन सर्वहारा जनवाद लागु गर्नु पर्दछ। औपचारिक जनवाद भनेको के हो ? यस विषयमा लेनिन भन्नुहुन्छ, "पुरानो गैर क्रान्तिकारी मजदुर आन्दोलनको सङ्गठनमा पुँजीवादी राज्यमा नोकरशाही र जनताका बीचको द्वैतवादीकै प्रकृतिको सर्वव्यापी द्वैतवाद विकसित भएको छ। पुँजीवादी वातावरणको यो घातक प्रभावको कारण कार्यहरूको पृथकीकरण (विभाजन) भएको छ, साझा प्रयत्नको जीवन्त सहचार्यको ठाउँ बाँझो औपचारिक जनवादले लिएको छ। सङ्गठन सक्रिय कार्यकर्ताहरू र निस्क्रिय जनसमुहमा विभाजित भएको छ। पुँजीवादी वातावरणबाट एक निश्चित सीमासम्म द्वैतवाद र औपचारिक नातावादको यस प्रवृत्तिलाई क्रान्तिकारी मजदुर आन्दोलनले समेत अनिवार्य उत्तराधिकारमा प्राप्त गरेको छ। कम्युनिस्ट पार्टीले यी बेमेलहरूमाथि व्यवस्थित र सुनियोजित रूपबाट राजनीतिक र सङ्गठनात्मक कार्यद्वारा निरन्तर सुधार र संशोधनबाट आधारभूत रूपमा विजय प्राप्त गर्नै पर्दछ।"[७]

लेनिनले उल्लेख गरे झै यस प्रकारको औपचारिक जनवादले हाम्रो पार्टीमा कम वा वेसी केही मात्रामा प्रभाव पारेको छ। अब यसलाई हटाउनु पर्दछ। यसको ठाउँमा वास्तविक सर्वहारा जनवाद लागु गर्नुपर्दछ। लागु गर्ने सन्दर्भमा लेनिन भन्नुहुन्छ, "सङ्गठनमा केवल औपचारिक जनवादले न नोकरशाही प्रवृत्तिलाई न त अराजकतावादी प्रवृत्तिलाई नै हटाउन सक्छ। यी प्रवृत्तिहरूले खास त्यही (औपचारिक-प्र.) जनवादको मलिलो भुमि पाएर जरा गाडेका हुन्छन्। यसै कारण सङ्गठनको केन्द्रीयता अर्थात् दरिलो नेतृत्व निर्माण गर्ने उद्देश्य औपचारिक जनवादको आधारमा पुरा गर्ने प्रयत्न गरिएको खण्डमा सफल हुन सक्दैन। पार्टी भित्र निर्देशक कमिटीहरू र सदस्यहरूको बीचमा मात्र होइन, पार्टी बाहिर पार्टी र सर्वहारा जनसमुहका बीच समेत जीवन्त साहचर्य र पारस्परिक सम्बन्धको विकास र त्यसको निर्वाह सङ्गठनको केन्द्रीयता निर्माणको आवश्यक प्रारम्भिक शर्त हो।"[८] यहाँ लेनिनले पहिलो कुरा

क्रमशः चौथो पृष्ठमा

# कम्युनिस्ट आन्दोलनको पुनर्गठन गर्न नेकपाद्वाको आह्वान

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले वाम एकतामार्फत् कम्युनिस्ट आन्दोलनको पुनर्गनको आह्वान गरेको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा मंगलबार बसेको नेकपा केन्द्रीय कार्यसंयोजन समितिको बैठकले संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि सम्पूर्ण देशभक्त शक्तिहरूलाई एकजुट भएर वाम एकतामार्फत कम्युनिस्ट आन्दोलनको पुनर्गन गर्न आह्वान गरेको हो । बैठकले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि एकजुट भएर अगाडि बढ्न आग्रह गरिएको छ । 'देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता एवं संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि एकजुट भएर अगाडि बढ्न यो बैठक सम्पूर्ण देशभक्त र लोकतान्त्रिक शक्तिलाई आह्वान गर्दछु' संयोजक दाहालले भने 'राष्ट्र र जनताको हितमा साझा समझदारी बनाएर सदन र सडकबाट पहलकदमी लिइनेछ ।'

बैठकले दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवाद विरुद्धको संघर्षलाई सशक्त बनाउने निर्णय गरेको पार्टीका प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिए । केन्द्रीय संयोजन समितिको बैठकले सामन्तवादका अवशेषहरू अन्त्य गर्दै समाजवादको लक्ष्यमा अघि बढ्ने संकल्प गरेको सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै पार्टी प्रवक्ता ज्वालाले भने 'हामी सामन्तवादका अवशेषहरूको अन्त्य गर्दै दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवाद विरुद्ध संघर्ष गर्न प्रतिबद्ध छौं । राष्ट्रिय स्वाधीनता र समृद्धिको पक्षमा दृढताका साथ अघि बढ्ने संकल्प बैठकले दोहोऱ्याएको छ । बैठकले हालै सम्पन्न निर्वाचनमा सहयोग गर्ने मतदाता र शुभेच्छुकहरूलाई धन्यवाद ज्ञापन गर्दै पार्टीको सांगठनिक कार्यविभाजन र आगामी कार्ययोजनाका विषयमा समेत महत्त्वपूर्ण निर्णयहरू गरेको प्रवक्ता ज्वालाले जानकारी दिए ।

नेकपाले गत फागुन २१ मा सम्पन्न निर्वाचनको समेत समिक्षा गरेको छ । कम्युनिस्ट पार्टीहरू निकै साँघुरो गरी खुम्चिएको अवस्थामा नेकपाले कम्युनिस्ट एकताको प्रस्ताव अघि सारेको हो । बैठकले लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढीकरणका लागि एकजुट भएर अगाडि बढ्न सम्पूर्ण देशभक्त र लोकतान्त्रिक शक्तिहरूलाई आह्वान गरेको छ । संयोजक दाहालले 'आगामी कार्यक्रमको रूपरेखा' शीर्षकमा वाम एकताको प्रस्ताव अघि सारे हुन् । कम्युनिस्टहरूबीच एकता र सहकार्य नहुँदा प्रतिनिधिसभा निर्वाचनमा हार हुनु परोको लिखित प्रतिवेदन पेस गरिएको बैठकले प्रस्ताव पारित गरेको हो । 'कम्युनिस्ट पुनर्गठनका लागि सबै वामपन्थी शक्तिहरूबीच एकताका लागि विशेष जोड दिने' नेकपाका निर्णय उल्लेख गरिएको छ ।

नेकपाका प्रवक्ता प्रकाश ज्वालाले वाम एकताका लागि पार्टीले पहल गर्ने निर्णय गरेको जानकारी दिए । नेकपाको सोही बैठकले पुनर्गठनका लागि वैचारिक, राजनीतिक, सांगठनिक र सांस्कृतिक स्पष्टतासहित मंसिरमा महाधिवेशनमा जाने निर्णय समेत गरेको छ । नेकपाले आगामी मंसिरमा काठमाडौंमा महाधिवेशन गर्ने निर्णय गरेको छ । यसअघि २०७५ मा एमाले र माओवादीबीच भएको एकता लामो समयसम्म टिक्न सकेन । पछिल्लो पटक २०८२ फागुन २१ गते प्रतिनिधिसभा निर्वाचनमा एक्ला-एक्लै चुनावी मैदानमा होमिएका नेकपा एमालेले २५ र नेकपाले १७ सिटमा खुम्चिनु परेपछि नेकपाका नेताहरूले वाम सहकार्यका लागि संवाद थालेका छन् ।

राष्ट्रियता र नेपाली जनताका बलिदानीपूर्ण संघर्षबाट प्राप्त उपलब्धिहरूको रक्षा गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिमार्फत समाजवादोन्मुख नेपालको निर्माणका लागि वाम एकतामार्फत कम्युनिस्ट ओन्दोलनको पुनर्गठन तथा शान्ति सम्झौताको पक्षधरहरूबीच सहकार्यका लागि आह्वान गर्दछु' नेकपाले भनेको छ । संयोजक दाहालले पार्टीका हरेक समितिमा ५० प्रतिशत युवालाई नेतृत्वमा ल्याउने धारणा व्यक्त गर्दै भने 'हरेक तहमा निर्वाचित समिति हुनेछ । समितिहरूमा ५० प्रतिशत युवा र नवयुवालाई नेतृत्वमा ल्याइनेछ । सबै कमिटी सानो आकारका हुनेछन् ।' नेकपाका सोही बैठकले लोकतन्त्रको रक्षा, जनजीविका, रोजगारी प्रवर्द्धन र सामाजिक न्यायसहितको समृद्धि, सुशासन र असंलगन परराष्ट्र नीति अवलम्वन गर्न र मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

नेकपाको केन्द्रीय संयोजन समितिको मंगलबार सम्पन्न उक्त बैठकले समसामयिक प्रस्ताव पारित गर्दै सरकारका राम्रा कामको समर्थन र गलत कामको प्रतिवाद गर्ने निर्णय समेत गरेको छ । पार्टीको निर्णय सुनाउँदै प्रवक्ता ज्वालाले भने 'वर्तमान सरकार-राष्ट्रिय स्वाधीनता र लोकतन्त्रको रक्षा, जनजीविका र रोजगारीको प्रवर्द्धन, सामाजिक न्यायसहितको समृद्धि, सुशासन तथा असंलग्न परराष्ट्र नीति अवलम्बन गर्ने दिशामा बढोस्, हाम्रो पार्टीले सरकारका राम्रा कामको समर्थन र गलत कार्यहरूको प्रतिवाद गर्दै रचनात्मक एवं जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्नेछ ।'

यस्तै नेकपाले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि नियन्त्रण गर्न र कालोबजारी नियन्त्रण गर्न सरकारलाई सचेत गराएको पनि प्रवक्तालले बताए । नेकपाले सरकारले वास्तविक सुकुम्बासीको पहिचान र आवासको वैकल्पिक व्यवस्थाविना नै देशका विभिन्न क्षेत्रबाट सुकुम्बासी बस्ती तीव्र रूपमा उठाउँदा हजारौं अशक्त, बालबालिका, वृद्ध, असहाय र विपन्न सुकुम्बासी जनतामा आतंक सिर्जना भएकोतर्फ औंल्याएको छ । छानबिनका नाममा राजनीतिक दलका नेता, कर्मचारी र उद्योग व्यवसायीहरूमाथि धरपकड गरेको टिप्पणी भएकाले विनापूर्वाग्रह सुशासन कायम गर्न माग गर्दै नेकपाले देशका प्राकृतिक सम्पदा र स्रो साधनको अनुसन्धान, उत्खनन, उत्पादन तथा प्रशोधन र उपयोग राष्ट्रको हितमा हुनुपर्नेमा जोड दिएको छ ।

नेकपाले राष्ट्रिय हित र राष्ट्रिय सुरक्षाका गम्भीर र संवेदनशील विषयमा राष्ट्रिय सहमति कायम गरेर मात्र निर्णय गर्न पनि नेकपाले सरकारको ध्यानाकर्षण गराएको छ । नेपाललाई 'बफर स्टेट' भनेकोप्रति नेकपाले सरकारको ध्यानाकर्षण गराउँदै उक्त शब्दको प्रयोग नगर्न आग्रह गरेको छ । संविधान तथा मानवअधिकारका पक्षमा नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा व्यक्त गरेका प्रतिबद्धताविपरीत विद्यार्थी संगठन र ट्रेड युनियनमाथि लगाउन खोजेको बन्देज र प्रतिबन्धप्रति आपत्ति गर्दै नेकपाले गत भदौ २३ र २४ को घटनाको छानबिन गर्न गठित कार्की आयोगको प्रतिवेदन असन्तुलित र आग्रहयुक्त देखिएको ठहर गरेको छ ।

# दुईतिहाइको सरकारले अध्यादेश ल्याएकामा आपत्ति

**काठमाडौं ।** प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले संसद अधिवेशन स्थगित गरी गुपचुप रूपमा दुईटा अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गरेपछि चौतर्फी आलोचना सुरु भएको छ । झन्डै दुई तिहाइ बहुमत भएको सरकारले संसद छलेर संवैधानिक परिषद र सहकारी सम्बन्धी अध्यादेश ल्याउनुलाई विज्ञहरूले विधिको शासनमाथिको प्रहार मानेका हुन् । सोमबारको मन्त्रिपरिषद् बैठकले अध्यादेश सिफारिसको निर्णय गरे पनि सरकारका प्रवक्ता सस्मित पोखरेलले प्रेस ब्रिफिङमाा यसबारे कुनै जानकारी दिएका थिएनन् ।

उता राष्ट्रपति कार्यालयमा फाइल पुगेपछि मात्रै यो विषय बाहिरिएको थियो । यसअघि वैशाख १७ का लागि आह्वान गरिएको संसद अधिवेशन समेत वैशाख १० मै विशेष कारण देखाउँदै अचानक स्थगित गरिएको थियो । १८२ सांसद रहेको सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सामान्य कानुन पारित गर्न १३८ सांसद मात्रै आवश्यक पर्ने अवस्थामा समेत संसदको 'फास्ट ट्र्याक' छाडेर सरकारले अध्यादेश रोज्नुलाई प्रतिपक्षले रहस्यमय मानेका छन् ।

नेपाल कम्युनिस्ट पार्टी एमालेका सचिव महेश बस्नेतले संसदमा पर्याप्त बहुमत हुँदाहुँदै सरकारले अध्यादेशको बाटो रोज्नुमा सरकारको गलत मनसाय लुकेको हुनसक्ने दावी गरे । 'संवैधानिक परिषदले पूर्णता पाएपछि सर्वोच्च अदालतमा रिक्त प्रधानन्यायाधीश आफ्नै अनुकूल नियुक्त गर्ने उद्देश्य त राखिएको होइन भन्ने आशंका उठेको छ' सचिव बस्नेतले भने । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सोमबार मात्रै संसदीय दलको नेतामा चयन गरेको भिष्मराज आङदेम्बेले सरकारले आफू अनुकूलका व्यक्तिहरूलाई संवैधानिक निकायमा नियुक्त गर्नका लागि गणपूरक संख्या वा निर्णय प्रक्रिया संशोधन गर्न खोजेको आशंका व्याप्त रहेको बताए । उनले संसदीय दलको नेता चयन भएकै दिन सरकारको यो कदमलाई लोकतन्त्रका लागि खतरनाक संकेत भएको टिप्पणी गरेका छन् ।

यस्तैगरी संविधानविदले पनि यति ठुलो जनमत पाएको सरकारले पुरानै गलत बाटो अपनाउनु राम्रो नभएको बताएका छन् । सरकारको उक्त कदमसँगै रास्वपा सभापति रवि लामिछानेको विगतको अडानमाथि पनि प्रश्न उठेको छ । अघिल्ला सरकारहरूले अध्यादेश ल्याउँदा लामिछानेले त्यसलाई राजनीतिक निर्लज्जताको पराकाष्ठा र लोकतन्त्रको हुर्मत लिएको कदम भन्ने गरेको थिए । हाल आफ्नै पार्टीको शक्तिशाली सरकारले त्यही अभ्यास दोहोऱ्याउँदा भने लामिछाने मौन देखिएका छन् । तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकारले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउँदा लामिछानेले भनेका थिए 'हिजो ओलीले अध्यादेश ल्याउँदा विरोध गर्नेहरूले नै आज एकजुट भएर अध्यादेश ल्याउनु लाजमर्दो र अलोकतान्त्रिक कदम हो । संसद छलेर फोहोरभन्दा फोहोर ढंगले दल विभाजन गर्न मिल्ने अध्यादेशले लोकतन्त्रको हुर्मत लिएको छ ।'

'अब नयाँ संसदको बैठक बस्न कति समय लाग्ला ? एक हप्ता ? दुई हप्ता ? तीन हप्ता ? त्यस्तो के आपत्काल लागेको थियो र १/२ हप्ता पनि कुर्न नसकिने ?' लामिछानेले २०७९ मा फौजदारी कार्यविधि संहिता संशोधन अध्यादेश आउँदा लेखेका थिए 'यो अध्यादेशले नयाँ जनादेशको मर्म मिचेको छ, नयाँ संसदको अधिकार मिच्ने प्रयास भएको छ । यो कदम राजनीतिक निर्लज्जताको पराकाष्ठा हो ।' विगतमा सञ्चारकर्म र प्रतिपक्षमा रहँदा अध्यादेशलाई राजनीतिक निर्लज्जता देख्ने रास्वपाका सभापति लामिछानेले हाल आफ्नो पार्टीको शक्तिशाली सरकारले अध्यादेश ल्याउँदा मौन बस्नुलाई के भन्ने सर्वत्र प्रश्न उब्जिएको छ । सरकारको हिस्सेदार र नेतृत्वकर्ताको हैसियतले उनले यसको जवाफदेहिता लिनुपर्ने दबाब बढेको छ । सरकारले सिफारिस गरेका दुवै अध्यादेश अहिले राष्ट्रपति रामचन्द्र पौडेलको अध्ययनमा रहेको उनका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

# विश्वविद्यालयमा प्रहरी होइन, प्राध्यापक पठाऊ

**काठमाडौं ।** विद्यार्थी युनियन खारेज गर्ने सरकारको तयारीविरुद्ध विभिन्न विद्यार्थी संगठनले त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा विरोध प्रदर्शनसहित मार्च पास गरेका छन् ।

सरकारले विद्यार्थी संगठन खारेज गर्ने बुँदा शासकीय सुधारका काममा समावेश गरेपछि आन्दोलनरत विभिन्न विद्यार्थी संगठनले मंगलबार विरोध प्रदर्शनसहित मार्च पास गरेका हुन् । सरकारले विश्वविद्यालयमा रहेका स्ववियु तथा विद्यार्थी संगठनहरूको अस्तित्त्व समाप्त पार्ने गरी चालेको कदम स्वीकार्य नहुने विद्यार्थीहरूले जनाएका छन् । विद्यार्थीहरूले 'विद्यालय शिक्षा विधेयक खोइ ?, विश्वविद्यालयमा प्रहरी होइन प्राध्यापक पठाऊ, स्ववियु खारेज गर्न पाइँदैन, विश्वविद्यालयको स्वायत्तता सुनिश्चितता गर' लगायतका प्लेकार्ड प्रदर्शन गर्दै नारावाजी गरेका थिए ।

विद्यार्थीहरूले बढ्दो महंगी नियन्त्रण गर्नुपर्ने, शैक्षिक संस्थाहरूलाई व्यारेकीकरण गर्ने अभ्यास बन्द गर्नुपर्ने, मेरिटोक्रेसी लागू गर्नुपर्ने र विद्यार्थीहरूलाई यातायातमा दिइँदै आएको ४५ प्रतिशत भाडा छुट कायम गर्न समेत माग गरेका छन् । अखिल (क्रान्तिकारी) का उपाध्यक्ष मदन ढकालले आफूहरू विद्यार्थी युनियन खारेजलगायत विभिन्न माग राख्दै निरन्तर आन्दोलनमा रहेको बताउँदै सरकारले माग नसुने कडा आन्दोलनको घोषणा गरेर अघि बढ्ने चेतावनी दिए ।

उपाध्यक्ष ढकालले विद्यार्थी युनियन खारेज गर्ने सरकारको तयारीविरुद्ध आगामी दिनमा स्ववियुको माध्यमबाट सबै क्याम्पसमाा विरोधका कार्यक्रमको आयोजना गरिने बताए । ढकालले मुलुकको हरेक परिवर्तनमा अग्रणी भूमिका रहेका विद्यार्थी संगठनलाई खारेज गर्ने निर्णयले सरकारलाई नै समस्यामा पार्न सक्ने चेतावनी समेत दिए ।



# कम्युनिस्ट सङ्गठनात्मक...

औपचारिक जनवादले नोकरशाही प्रवृत्ति र अराजकतावादी प्रवृत्तिलाई हटाउन सक्दैन भन्नुभएको छ। वास्तविक सर्वहारा जनवादले मात्र नोकरशाही प्रवृत्ति र अराजकतावादी प्रवृत्तिलाई हटाउन सक्छ। लेनिनले जोड दिनु हुन्छ कि पार्टी भित्रका निर्देशक कमिटीहरू र सदस्यहरूको बीचमा मात्र होइन पार्टी बाहिर र सर्वहारा जनसमुहको बीचमा समेत जीवन्त साहर्चय र पारस्परिक सम्बन्धको विकास गर्नु पर्दछ। पार्टी बाहिर सर्वहारा जनसमुहको बीचमा अर्थात् आम श्रमिक जनताको बीचमा जीवन्त साहचर्य र पारस्परिक सम्बन्धको विकास गर्न हामीले सकिरहेका छैनौँ। अव हामीले त्यतापट्टि विशेष ध्यान दिनु पर्दछ।

जनवादी केन्द्रीयताको सिद्धान्तको विषयमा चर्चा गर्ने सन्दर्भमा एउटा कुरा उल्लेख गर्नै पर्दछ। त्यो हो पद प्रतिष्ठा र व्यक्तिगत स्वार्थको लागि चल्ने सङ्घर्षको बारेमा। आज हाम्रो पार्टीमा पद र प्रतिष्ठाको लागि वा व्यक्तिगत स्वार्थको लागि निकै सङ्घष हुने गर्दछ। भेला, सम्मेलन वा बैठकहरूमा नीतिगत तथा कार्यक्रमहरूको बारेमा धेरै बहस हुन्न। तर समिति निर्माण गर्ने तथा पदाधिकारीहरू चयन गर्ने सन्दर्भमा पार्टीको हित भन्दा पनि आफ्नो व्यक्तिगत हितलाई ध्यानमा राखेर बढी बहसहरू हुने गर्दछन्। आफूले सोचेजस्तो वा चाहेजस्तो नभएमा असन्तुष्टिहरू बाहिर लैजाने गरिन्छ। हाम्रो पार्टीको एकताको राष्ट्रिय महाधिवेशनमा कतिपय व्यक्तिहरू नीतिगत तहमा कुनै मतभेद नहुँदा पनि आफूले चाहेको पद नपाएपछि कसैले पार्टी नै छोडे भने कोही निस्क्रिय बसेको उदारहण हाम्रो अगाडि ताजै छ। पार्टीभित्र देखा पर्ने यसप्रकारका प्रवृत्तिहरू जनवादी केन्द्रीयताको सिद्धान्तसँग मेल खादैनन्।

यस सन्दर्भमा लेनिन भन्नुहुन्छ, “पार्टीभित्र सत्ताको लागि हुने कुनै पनि प्रतिद्वन्द्विता र प्रभुत्वको लागि हुने कुनै पनि सङ्घर्ष कम्युनिस्ट इन्टरनेशनलद्वारा पारित जनवादी केन्द्रीयताको आधारभूत सिद्धान्तसँग पटक्कै मेल खान्न।”९ यसरी लेनिनले सत्ताको लागि हुने प्रतिद्वन्द्विता र प्रभुत्वको लागि हुने सङ्घर्ष जनवादी केन्द्रीयताको सिद्धान्तसँग पटक्कै मेल खान्न भनेर निकै जोड दिनुभएको छ। अब हामीले पार्टी भित्र देखा पर्ने यस प्रकारको प्रवृत्तिलाई निस्तेज पार्नुपर्दछ। तर हाम्रो पार्टीमा यस सम्बन्धमा केही सकारात्मक सङ्केतहरू देखा पर्न थालेका छन्। केही कमरेडहरूले उपल्लो कमिटिबाट स्वेच्छाले हटेर तल्लो कमिटिमा रहेर सक्रिय भइरहनु भएको छ। यस प्रकारको प्रवृत्तिलाई सकारात्मक रूपमा लिनु पर्दछ।

### निर्णय कार्यान्वयनमा समस्या

निर्णय गर्नुभन्दा पहिले व्यापक रूपमा छलफल गर्ने र निर्णय गरिसकेपछि त्यसलाई तदारुकताका साथ इमान्दारीपूर्वक कार्यान्वयन गर्नुपर्ने, एउटा क्रान्तिकारी पार्टीको लागि आम नियम नै हो। तर निर्णय कार्यान्वयनको समस्या हाम्रो पार्टीमा देखा परेको एउटा गम्भीर समस्या हो। यो समस्यालाई हामीले हल गर्नै पर्दछ। निर्णय समितिको सर्वसम्मत वा बहुमतबाट हुन्छ। निर्णय जुनसुकै पद्धतिबाट भए पनि त्यसलाई सम्पूर्ण पार्टी पङ्क्ति र आम पार्टी सदस्यहरूले निशर्त एकरूपताका साथ कार्यान्वयनमा जानुपर्दछ। यसलाई सुत्रमा ‘छलफलमा स्वतन्त्रता र कार्यमा एकरूपता’ भनिन्छ। तर आज हाम्रो पार्टीमा निर्णयहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा एकप्रकारको उदासीनता पाइन्छ।

पटक-पटक ताकेता गर्दा पनि कतिपय निर्णयहरू कार्यान्वयन हुँदैनन् वा व्यक्तिगत जिम्मेवारी पुरा भएको हुँदैन। निर्णय लागु गर्ने प्रश्नमा देखा पर्ने यस प्रकारको उदासिनता र ढिलाढालापनले पार्टी कामलाई नराम्ररी प्रभाव पारेको छ। उपल्लो कमिटीबाट आएको निर्णय होस् वा सम्बन्धित कमिटीले गरेको निर्णय होस् सवै निर्णयहरूलाई तदारुकताकासाथ कार्यान्वयन गर्नुपर्दछ। पार्टीमा निर्णयहरू किन कार्यान्वयन हुँदैनन् ? वा किन ढिला ढाला हुन्छन् ? यस विषयमा सम्बन्धित समितिहरू गम्भीरतापूर्वक छलफल बहस चलाएर त्यसको कारण पत्ता लगाउनु पर्दछ। निर्णय कार्यान्वयन दुईटा अवस्थामा नहुन सक्छ। एउटा कारण निर्णय वस्तुवादी नभएर मनोगतवादी छ भने त्यो अवस्थामा जतिसुकै प्रयास गरेपनि निर्णय कार्यान्वयन हुन सक्दैन।

अर्को कुरा, निर्णय वस्तुवादी नै छ तर सम्बन्धित समिति वा व्यक्तिहरूले निर्णयलाई कार्यान्वयन गर्न पहलकदमी लिने प्रयास गरेनन् भने पनि निर्णयहरू कार्यान्वयन हुँदैनन्। आज हाम्रो पार्टीमा थुप्रै त्यस्ता निर्णयहरू छन् जुन पहल र प्रयास नगरेका कारण लागु हुन सकिरहेका छैनन्। यो गम्भीर प्रकारको कमजोरी हो। यस प्रकारका कमजोरीहरूलाई हटाएर निर्णयलाई तदारुकताकासाथ कार्यान्वयन गर्ने वातावरण बनाउनु पर्दछ।

### आर्थिक समस्या

पार्टीको हरेक कामसँग आर्थिक प्रश्न जोडिएर आउँछ। पार्टीले आफ्ना योजनाहरूलाई सम्पन्न गर्नका लागि अर्थको आवश्यकता पर्दछ। सारमा अर्थ बिना पार्टीको कुनै पनि काम हुन सक्दैन। त्यसकारण पार्टीको आर्थिक समस्यालाई हामीले जसरी पनि हल गर्नु पर्दछ। आर्थिक समस्या हल गर्नका लागि हामीले सबभन्दा पहिले पार्टीको आर्थिक स्रोतहरू के के हुन् ? त्यो स्पष्ट हुनुपर्दछ। पार्टीको आर्थिक स्रोत भनेको पार्टी सदस्यहरूले दिने लेबी, पार्टीका शुभचिन्तकहरूले दिने सहयोग, प्रकाशनहरूको बिक्री र पार्टीले आर्थिक उपार्जनको लागि बनाएका योजनाबाट प्राप्त रकम आदि हुन्।

पार्टीका उपरोक्त स्रोतहरूलाई व्यवस्थित गरेर नै हामीले पार्टीको आर्थिक समस्या हल गर्न सक्छौँ। तर हामीले पार्टीको कुनै पनि स्रोतलाई व्यवस्थित गर्न सकेको छैनौँ। सर्वप्रथम त पार्टीको मुख्य आय स्रोत भनेको पार्टी सदस्यहरूले नियमित तिर्ने मासिक लेवी हो। हाम्रो पार्टी सदस्यहरूले नियमित रूपमा मासिक लेवी दिने बानी बसिसकेको छैन। त्यसकारण पहिलो कुरा मासिक लेवी नियमित दिने बानी बसाल्नु आवश्यक छ। दोस्रो कुरा आफ्नो आय स्रोत अनुसार मासिक लेवी बढी भन्दा बढी दिने मानसिकताको विकास गर्नु पर्दछ। हरेक पार्टी सदस्यहरूले नियमित रूपमा ठीक ठीक समयमा वढी भन्दा बढी लेवी दिने प्रणालीको विकास गर्नुपर्दछ।

दोस्रो आय स्रोत भनेको पार्टीका शुभ चिन्तकहरूबाट आउने सहयोग नै हो। लेवी नियमित हुन नसकेको अवस्थामा सहयोगबाट नै पार्टीले आफ्नै दैनिक कार्यहरू सम्पन्न गर्दै आएको छ। तर समर्थक शुभचिन्तकहरूबाट प्राप्त हुने सहयोग पनि नियमित र पर्याप्त नहुँदा पार्टीको कैयौँ महत्त्वपूर्ण कामहरू सम्पन्न हुन सकिरहेका छैनन्। लेवी र सहयोगले मात्र पार्टीको आर्थिक आवश्यकता पुरा गर्न सक्दैन। त्यसकारण पार्टीले आर्थिक उपार्जनको लागि आवश्यक अन्य योजनाहरू बनाउनु पर्दछ। त्यसको लागि पार्टीलाई उत्पादनसँग जोड्नु पर्दछ। पार्टीलाई उत्पादनसँग जोडेनौ भने हामीले आर्थिक समस्या हल गर्न सक्दैनौ। क. माओले भन्नुभएको छ, उत्पादनको लागि सङ्घर्ष, वर्ग सङ्घर्ष र वैज्ञानिक प्रयोगको विधिबाट नै हामी प्रगतिबाटोमा अगाडि बढ्न सक्दछौँ।

क. माओले भने झै उत्पादनको लागि सङ्घर्ष गरेर नै पार्टीले आफ्नो आर्थिक समस्या हल गर्न सक्छ। यस सम्बन्धमा क. माओले भन्नुहुन्छ, “यी सवै उद्देश्यहरूको प्राप्तिका लागि यस्तो आर्थिक निर्माण आवश्यक छ। क्रान्तिकारी काममा लागेका सवैजनाले यस कुरालाई राम्रोसित बुझ्नु पर्दछ। केही कमरेडहरूले के सोचेका छन् भने क्रान्तिकारी युद्धले गर्दा मानिसहरू ज्यादै व्यस्त हुने भएकोले आर्थिक निर्माणका लागि समय बचाउनु असम्भव छ र उनीहरूले आर्थिक निर्माणको पक्षमा कुरा गर्नेलाई ‘दक्षिणपन्थी भड्कावववादी’ भनेर निन्दा गरेका छन्। उनीहरूको विचारमा, क्रान्तिकारी युद्धको समयमा आर्थिक निर्माण असम्भव छ र अन्तिम विजयपछि शान्तिपूर्ण तथा स्थिर स्थितिमा मात्र यो सम्भव छ। कमरेडहरूका यस्ता विचारहरू गलत छन्। जसले यस तरिकाबाट सोच्छ उसले के कुरा बुझ्न सकेको छैन भने आर्थिक निमार्ण नगरिकन क्रान्तिकारी युद्धको निम्ति चाहिने भौतिक पूर्वव्यवस्थाहरूलाई सुनिश्चित पार्नु असम्भव हुन्छ।”[१०]

विषयलाई प्रस्टपार्न क. माओ अझै अगाडि भन्नुहुन्छ, “त्यसैले क्रान्तिकारी युद्धको बेलामा आर्थिक निर्माणको काम गर्नुहुँदैन भनेर सोच्नु एकदमै गलत छ।”११ माओले यो कुरा सन १९३३ मा भन्नुभएको हो, जुनबेला चिनीया कम्युनिस्ट पार्टीले सशस्त्र युद्ध लडिरहेको थियो। माओ अध्यक्ष भइसक्नु भएको थिएन। त्यसकारणले गर्दा अहिले पनि पार्टीलाई बलियो बनाउनको लागि आर्थिक निर्माणसँग जोडेर उत्पादनका योजनाहरू बनाउनै पर्दछ।

पार्टीको आर्थिक अवस्थाको बारेमा कुरा गर्दा अर्को महत्त्वपूर्ण कुरा हो, आय-व्ययको व्यवस्थित व्यवस्था गर्नु र पारदर्शिता राख्नु। आर्थिक प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन सकिएन भने पार्टी सदस्यहरूमा नै आपसी शङ्का उपशङ्का र अविश्वासको वातावरण उत्पन्न हुन्छ। यस्तो वातावरण भएका पार्टीको आय स्रोतहरू परिचालन हुन सक्दैन। त्यसकारण आर्थिक कारोवारलाई व्यवस्थित र पारदर्शी बनाउन सवै पार्टी कमिटीहरू सिपालु हुनैपर्दछ।

### मनोगतवाद, सङ्कीर्णतावाद र उदारवादको समस्या

मनोगतवाद, सङ्कीर्णतावाद र उदारवाद मार्क्सवाद विरोधी धाराहरू हुन्। आज हाम्रो पार्टीमा कम वा वेसी यस प्रकारका कमजोरीहरू कुनै न कुनै रूपमा पाइन्छन्। हाम्रो पार्टीमा यी कमजोरीहरू कसरी अभिव्यक्त भइरहेका छन् ? यस विषयमा विस्तृत रूपमा चर्चा गर्न यहाँ सम्भव छैन। तैपनि, यहाँ यी विषयहरूमा सङ्क्षेपमा चर्चा गरिन्छ।

मनोगतवाद – मनोगतवाद मालेमावाद विरोधी धारा हो। कमरेड माओले भन्नु भएको छ्, “मनोगतवाद एउटा अनुचित अध्ययन शैली हो। यो मार्क्सवाद-लेनिनवाद विरुद्ध चल्छ र कम्युनिस्ट पार्टीसित यसको च्याङ्ठ्याङ मिल्दैन।”१२ यसलाई अरु प्रष्ट पार्दै माओले भन्नु भएको छ, “जडसूत्रवाद र अनुभववाद दुवैनै विपरीत ध्रुवबाट पैदाहुने मनोगतवाद हुन्।”१३ मनोगतवादले तथ्यबाट सत्य पत्तालगाउने वैज्ञानिक पद्धतिलाई अंगाल्दैन। वस्तुगत तथ्य के छ भन्ने आधारमा भन्दापनि जडसूत्रका रूपमा वा आफ्नो अनुभवमा सीमित रहेर नीति तथा कार्यक्रम निर्माण गर्ने गरिन्छ जुन नीति तथा कार्यक्रम वस्तुगत यथार्थसँग मेल खान्न। जसले गर्दा क्रान्तिको काम अगाडि बढ्न सक्दैन। त्यसकारण मनोगतवाद र त्यसबाट उत्पन्न हुने सबै खतराका विरुद्ध सङ्घर्ष गर्नु जरुरी छ।

सङ्कीर्णतावाद – सङ्कीर्णतावाद पनि मालेमावाद विरोधी धारा हो। यसले सङ्गठनात्मक क्षेत्रमा गम्भीर प्रकारको नकारात्मक असर पार्दछ। कमरेड माओले भन्नु भएको छ, “सङ्कीर्णतावादी मनोवृत्तिहरूले पार्टीभित्रका कामरेडहरूलाई एक आपसमा अलग्याउँछन् र पार्टीको भित्री एकता र एकजुटतामा क्षति पुऱ्याउँछन् भने बाहिरी सम्बन्धहरूमा रहेका सङ्कीर्णतावादी मनोवृत्तिले पार्टीलाई बाहिरका मानिसहरूबाट अलग्याउँछ। यी दुवै पहलुहरूका खराब कुराहरूलाई उन्मुलन गरेर मात्रै सारा पार्टी कमरेडहरू र हाम्रा मुलुकका सारा जनतामाझ एकता हासिल गर्ने महान् अभियानलाई पार्टीले निर्वाध रूपले अघि बढाउन सक्छ।”१४ यस विषयलाई अरु प्रष्ट पार्दै माओले भन्नु भएको छ, “सङ्कीर्णतावाद सङ्गठनात्मक सम्बन्धहरूमा मनोगतवादको अभिव्यक्ति हो।

हामी मनोगतवादबाट मुक्त हुन तथ्यहरू र सत्य खोज्ने मार्क्सवादी-लेनिनवादी भावनालाई हुर्काउन चाहन्छौं भने हामीले सङ्कीर्णतावादका अवशेषहरूलाई पार्टीबाट निर्मूल पार्नु पर्दछ र पार्टीका हितहरू व्यक्तिगत र अंशगत हितहरूभन्दा माथि हुन्छन् भन्ने सिद्धान्तलाई प्रस्थानविन्दु बनाउनु पर्दछ, जसले गर्दा पार्टीले पूर्ण एकता र एकजुटता हासिल गर्न सकोस्।”१५ माओका उपरोक्त विचारहरूले सङ्कीर्णतावादलाई किन हटाउनु पर्छ भन्ने प्रस्ट हुन्छ। आज हाम्रो पार्टीमा पनि सङ्कीर्णतावादका अवशेषहरू देखिन्छन्, त्यो पार्टीमा क्षेत्रीयता, जातीयता, पूर्व समूहको रूपमा कतै न कतै अभिव्यक्त भएरहेको देखिन्छ। हामीले यी अवशेषहरूलाई समाप्त पारेर मात्र पार्टी भित्र र पार्टी बाहिरको जनतासँगको एकतालाई सुदृढ बनाउन सक्छौं।

उदारवाद – ठीक यसरी नै उदारवाद पनि मालेमावाद विरोधी धारा हो। यसले पार्टीमा देखा पर्ने गलत चिन्तन, पद्धति कमजोरीहरूको बारेमा निर्मम सङ्घर्ष गर्ने कुरामा उदाशीनता देखाउँछ, जसले गर्दा पार्टीमा थुप्रै कमी कमजोरीहरू देखिँदा पनि त्यसलाई सुधार्ने कुरामा ध्यान जान्न। आज हाम्रो पार्टीमा पनि उदारवादी कमीकमजोरीहरू प्रसस्तै छन्। ती कमी कमजोरीहरूलाई हटाएर पार्टीलाई अनुशासित र क्रियाशील बनाउनु पर्दछ।

**फुटनोट** :

१. सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्सेविक) को इतिहास : सृजनशील प्रकाशत तेस्रो संस्करण २०५६ माघ, पुष्ठ ३२३।
२. स्टालिन : छानिएका रचनाहरू पैरवी प्रकाशन, भाषान्तर कृष्णदास श्रेष्ठ पृ. २१२।
३. स्टालिन : लेनिनवादका आधारहरू, प्रगति पुस्तक सदन २०६० पृष्ठ ८५।
४. माओ : माओत्सेतुङका उद्धृत उक्तिहरू, विदेशी भाषा प्रेस, पेकिङ १९७२ - पृ. ३)।
५. लेनिन : मार्क्सवादी-लेनिनवादी-माओवादी सङ्गठनात्मक सिद्धान्त, रक्तिम प्रकाशन, द्वितीय संस्करण, २०६३ पृ. १९।
६. उही पृ. १९।
७. उही पृ. २०।
८. उही पृ. २०।
९. उही पृ. १९।
१०. माओ : माओ चुनिएका रचनाहरू भाग १, प्रकाशन निरन्जन गोविन्द वैद्य, पृष्ठ १२४।
११. माओ : उही पृ. १२४।
१२. माओ : माओत्सेतुङ्का सङ्कलित रचनाहरू भाग ३, (नेपाली), सिर्जनशील प्रकाशन। पृ. १९।
१३. माओ : उही पृष्ठ २४।
१४. माओ : उही पृष्ठ २५।
१५. माओ उही पृष्ठ २९।

## रास्वपा सरकारले जनता र संसदलाई हेप्यो : सभापति थापा

**काठमाडौं।** नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफ्नै बहुमत सरकारको संसदप्रति नै विश्वास नभएको बताएका छन्। आफ्नो निर्वाचन क्षेत्र सर्लाही-४ का मतदातासँग भेटघाट गर्न पुगेका सभापति थापाले रौतहटको चन्द्रानिगाहपुरमा पार्टीका स्थानीय नेता, कार्यकर्ताहरूसँग भेटघाट गर्दै प्रतिनिधिसभाको मिति तोकेर आह्वान समेत भइसकेको अवस्थामा फेरि कुनै सूचना नदिइकन बैठक स्थगित गरिएकोमा टिप्पणी गरेका हुन्।

‘सरकारले अहिले संसद र नागरिक दुवैलाई हेपेको छ’ उनले लेखेका छन् ‘सरकारलाई बहुमत प्राप्त सदनप्रति नै विश्वास छैन रहेछ।’ उनले सामाजिक सञ्जालमा लेखेका छन्- ‘बहुमत प्राप्त सरकारको संसदप्रति नै विश्वास छैन। संसद छलेर अध्यादेश ल्याउने सवालमा नागरिकलाई केही पनि बताउनै नपर्ने, केही भन्नै नपर्ने ? संसदको तयारी नभएको र सांसदकै अनुरोधमा बैठक स्थगित गरेको हो भनेर प्रचार भयो, यो सरासर हेपेको र ढाँटेको हो।’ ‘हामी यसरी गर्दैछौं। हामी यसरी अघि बढ्दैछौं भनेर प्रतिपक्षमा भएको नाताले हामीसित एक पटक पनि किन नसोधेको ?’ उनले प्रश्न गरेका छन्- ‘हामी आफैं पनि सुधारको पक्षमा छौं। हामी पनि विगतका कमी-कमजोरी सच्याउँछौं भनेर चुनावमा गएका हौं। संवैधानिक निकायको नियुक्तिका सवालमा व्यापक परिवर्तन गर्छौं भन्नेमा थियौं।’

चुनावी हार र जित एक स्वाभाविक प्रक्रिया भएको चर्चा गर्दै सभापति थापाले भनेका छन् ‘सर्लाहीका जनताले दिएको म्यान्डेटलाई म पूर्ण सम्मान गर्दछु। यो पराजय मेरा लागि निराशा होइन, बरु मलाई थप सुदृढ बनाउने र जनताका समस्यालाई नजिकबाट बुझ्ने अवसर बनेको छ।’
सभापति थापाले बुधबार दिनभर सर्लाहीका विभिन्न स्थानमा पुगेर मतदाताहरूसँग भेटघाट गर्ने कार्यक्रम रहेको थियो।

## संसद रोकेर अध्यादेश ल्याउनु अलोकतान्त्रिक : आङ्देम्बे

**काठमाडौं ।** नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले सरकारले संसद रोकेर अध्यादेश ल्याउनु अलोकतान्त्रिक कदम भएको उल्लेख गरेका छन्

नेता आङ्देम्बेले सामाजिक सञ्जालमार्फत विज्ञप्ति जारी गरी लोकतान्त्रिक प्रक्रियाबाट बनेको सरकारले संसद रोकेर अध्यादेश ल्याउनु अलोकतान्त्रिक कदम भएको बताएका हुन् । 'लोकतन्त्र प्रक्रिया मात्रै होइन, मूलतः प्रवृत्ति हो, संसद अधिवेशनको बैठक स्थगित गराएर, अध्यादेश ल्याउनु लोकतान्त्रिक प्रक्रियाबाट बनेको सरकारको अलोकतान्त्रिक कदम हो, सरकारले दुईवटा अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष पठाएको विषय दुःखद र गम्भीर छ' विज्ञप्तिमा भनिएको छ। संसद नचलेको समय मुलुकलाई तत्काल आवश्यक परेमा अध्यादेशबाट नयाँ कानुन ल्याउन सकिने भए पनि अहिले त्यस्तो जरुरी नरहेको उनले बताए। छिटो अधिवेशनमा गएर जरुरी विधेयकहरू पारित गर्न सरकारलाई कुनै बाधा नरहेको उनको भनाइ थियो।

प्रमुख प्रतिपक्ष र अरू राजनीतिक दलहरूसँग सामान्य परामर्श पनि नगरी हतारमा अध्यदेशबाट कानुन बनाउन खोज्नु बलमिचाइको राजनीति भएको नेता आङ्देम्बेले बताए। 'आफ्नै पार्टीको बहुमतप्रति किन अविश्वास ? संसद्को गरिमा र मर्मको किन अवमूल्यन ?' उनको प्रश्न थियो। संवैधानिक परिषदसम्बन्धी विधेयक संसदीय बहसमा विगतदेखि नै भए पनि यसलाई नयाँ संसदबाट छिटो टुङ्ग्याउन आवश्यक भएको उनले बताए। यसलाई संवाद, सहमति र संसदीय प्रक्रियाबाट परिपक्व ढङ्गले टुङ्ग्याउन सकिने उनको भनाइ थियो। उनले सहकारी ऐन संशोधनको विषयको गम्भीर विषयलाई पनि संसदबाट नै निष्कर्षमा लैजानुपर्ने बताए। उनले सरकारले आह्वान गरिसकेको संसद्को अधिवेशन स्थगित गरेर अध्यादेश जारी गराउने बाटो सर्वथा अनुचित भएको बताए।

नेता आङ्देम्बेले सरकारलाई रचनात्मक सहयोग गर्न नेपाली कांग्रेस संसदीय दल सदैव खुला र सहयोगी रहने भन्दै लोकतन्त्र, जनअभिमत, सार्वभौम संसद र संविधानको मर्म मिच्न र उपेक्षा गर्न भने कुनै हालतमा नदिने उल्लेख गरे।

## स्पष्ट बहुमतको सरकार अध्यादेशको सहारामा : सुहाङ

**काठमाडौं ।** नेपाल कम्युनिस्ट पार्टी (एमाले) का युवानेता एवं सांसद सुहाङ नेम्बाङले जनताबाट स्पष्ट बहुमत पाएको सत्ताधारी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अध्यादेशको सहारा लिनुपर्ने बाध्यताबारे बोल्नुपर्ने बताएका छन्। संविधानसम्मत ढंगले जताको सर्वोच्च थलोमार्फत मुलुकका लागि आवश्यक नयाँ कानून बनाउन र जनपक्षीय सुधारका लागि पुराना कानून परिमार्जन वा खारेज गर्ने पूर्ण कार्यदेशसहित जनताले रास्वपालाई बहुमत दिँदा पनि अध्यादेश ल्याउनु विडम्बना भएको बताएका हुन्।

'यो संविधानवादको सिद्धान्तविपरीत हो। प्रकारान्तरले यो जनताको विश्वासको सर्वोच्च थलो अर्थात संसदमाथिको अविश्वास हो' सामाजिक सञ्जालमा सुहाङले लेखेका छन् 'म रास्वपा नेतृत्वलाई आफ्ना पूर्व प्रतिबद्धता, मान्या र अडानहरू एक पटक पुनः स्मरण गर्न अनुरोध गर्दछु।' नेपालको संविधानको धारा ११४ अनुसार 'बाध्यात्मक अवस्था'मा मात्र अध्यादेश जारी गर्न सकिने व्यवस्था हुँदाहुँदै नेपाली जनताले असाधारण विश्वास गरेर स्पष्ट बहुमत दिएको संसद विद्यमान हुँदाहुँदै कस्तो 'बाध्यात्मक अवस्था' आएर वर्तमान सरकारले अध्यादेशको बाटो रोजेको हो भन्दै सुहाङले प्रश्न गरेका छन् ।

'यो त लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादाको पक्षमा उभिने वाचा गरेर जनताबाट निर्वाचित माननीय सांसदज्यूहरूको प्रतिबद्धता र भावनाविपरीत पनि होइन र ?' सामाजिक सञ्जालमा सांसद सुहाङले लेखेका छन्- 'प्रतिनिधिसभा जनप्रतिनिधिहरूको सर्वोच्च थलो हो। मुलुकका लागि आवश्यक नयाँ कानुन निर्माण, पुरानाको संशोधन वा खारेजी गर्ने मुख्य जिम्मेवारी यसकै हो। नेपाली जनताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लाई स्पष्ट बहुमत दिएका छन्। अर्थात्, संविधानसम्मत ढंगले जनताको सर्वोच्च थलोमार्फत मुलुकका लागि आवश्यक नयाँ कानुन बनाउन र जनपक्षीय सुधारका लागि पुराना कानुन परिमार्जन वा खारेज गर्ने पूर्ण कार्यादेश रास्वपालाई प्राप्त छ। यसरी स्पष्ट बहुमत प्राप्त रास्वपा नेतृत्वको सरकारले संसद् छलेर अध्यादेशको कमजोर बाटो रोज्नु लोकतान्त्रिक मूल्य-मान्यता र संसदीय अभ्यासविपरीत शक्ति पृथकीकरणको सिद्धान्तलाई कमजोर बनाउने कदम मात्र होइन, यो संविधानवादको सिद्धान्तविपरीत पनि हो। प्रकारान्तरले यो जनताको विश्वासको सर्वोच्च थलो अर्थात् संसदमाथिको अविश्वास पनि हो। म रास्वपा नेतृत्वलाई आफ्ना पूर्व प्रतिबद्धता, मान्यता र अडानहरू एक पटक पुनः स्मरण गर्न अनुरोध गर्दछु। नेपालको संविधानको धारा ११४ अनुसार 'बाध्यात्मक अवस्था' मा मात्र अध्यादेश जारी गर्न सकिने व्यवस्था छ। म विनम्रताका साथ सोध्न चाहन्छु- नेपाली जनताले असाधारण विश्वास गरेर स्पष्ट बहुमत दिएको संसद् विद्यमान हुँदाहुँदै कस्तो 'बाध्यात्मक अवस्था' आएर वर्तमान सरकारले अध्यादेशको बाटो रोजेको हो ? यो त लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादाको पक्षमा उभिने वाचा गरेर जनताबाट निर्वाचित माननीय सांसदज्यूहरूको प्रतिबद्धता र भावनाविपरीत पनि होइन र ? शासन सञ्चालनमा सहजताका लागि भनिए पनि यसले अन्ततः सरकारलाई स्वेच्छाचारितातर्फ उन्मुख गराउने हो कि भन्ने प्रश्न र संशय स्वाभाविक रूपमा उठेको छ। संसदलाई छलेर अध्यादेशलाई 'नियमित विकल्प' का रूपमा प्रयोग गरी लोकतान्त्रिक मूल्य, संसदीय अभ्यास र संवैधानिक मर्यादालाई कमजोर नबनाउन अपिल गर्दछु। यस प्रकारका कदमहरूमाथि पुनर्विचार गरी फिर्ता लिनु नै लोकतान्त्रिक मूल्य, मान्यता र संविधानवादको सिद्धान्तप्रतिको वास्तविक सम्मान हुनेतर्फ ध्यानाकर्षण गराउँदछु। लोकतन्त्रको वास्तविक सार केवल बहुमत प्राप्त गर्नुमा मात्र होइन, प्राप्त बहुमतलाई संविधान, विधि र जनहितको मर्यादाभित्र रहेर कसरी सदुपयोग गरिन्छ भन्ने कुरामा निहित हुन्छ। बहुमत केवल शक्ति आर्जन गर्ने माध्यम हो, तर यसको वैधता केवल संविधानको रक्षा, विधिको शासन र नागरिकको हितमा मात्र सुरक्षित रहन्छ।'

## अध्यादेशप्रति रास्वपाकै सांसद असन्तुष्ट

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेता तथा प्रतिनिधिसभा सदस्य गणेश काकीले संसद अधिवेशन रोकेर अध्यादेश ल्याउनु बहादुरी नभएको धारणा व्यक्त गरेका छन्। बालेन शाह वालेन्द्र नेतृत्वको सरकारले ल्याएको अध्यादेशको चौतर्फ विरोध भएको समयमा कार्कीले यस्तो धारणा आएको हो। त्तस् सामाजिक सञ्जालमा उनले लेखेका छन्- 'सरकारले ल्याएको अध्यादेशको बारेमा मेरो धारणा माग्दै र मौनतामा मलाई नै प्रश्न गर्दै मेन्सन, म्यासेज गर्ने सबै साथीहरूप्रति मलाई गौरव छ। विधिको प्रश्न र जबाफदेहिताको अपेक्षाले मित्रताको मिठासलाई बेस्वादिलो बनाउँदैन भन्ने बुझेका सबैप्रति सम्मान र प्रेम छ। रह्यो अध्यादेश सिफारिस भएको भन्ने कुरा, झन्डै दुई तिहाइ ल्याएको पार्टीको लागि अधिवेशन रोकेर अध्यादेश ल्याउनु पर्ने अवस्था हुनु 'बाध्यता' हो कि अरूनै भन्ने पछि खुल्ला तर यो बहादुरी भने होइन।'

'अध्यादेश सधैँ संविधानले दिएको अधिकार र विधि प्रयोग गर्दै नै आउने हो तर यस पटक पनि अध्यादेशको सिफारिस संविधानको हुबहु अक्षरमा आधारित छ, संविधानको मर्ममा होइन। संविधान अक्षरले बाँच्ने दस्तावेज होइन, मर्मको पालनाले जीवन्त रहने हो। संविधानका अक्षरले संविधानको मर्मलाई सीमित नगरोस्' उनले लेखेका छन्- 'सरकारले ल्याएको अध्यादेशको बारेमा मेरो धारणा माग्दै र मौनतामा मलाई नै प्रश्न गर्दै मेन्सन, म्यासेज गर्ने सबै साथीहरूप्रति मलाई गौरव छ। विधिको प्रश्न र जवाफदेहीताको अपेक्षाले मित्रताको मिठासलाई बेस्वादिलो बनाउँदैन भन्ने बुझेका सबैप्रति सम्मान र प्रेम छ। रह्यो अध्यादेश सिफारिस भएको भन्ने कुरा, झन्डै दुईतिहाइ ल्याएको पार्टीको लागि अधिवेशन रोकेर अध्यादेश ल्याउनु पर्ने अवस्था हुनु 'बाध्यता' हो कि अरूनै भन्ने पछि खुल्ला तर यो बहादुरी भने होइन। अध्यादेश सँधै संविधानले दिएको अधिकार र विधि प्रयोग गर्दै नै आउने हो तर यसपटक पनि अध्यादेशको सिफारिस संविधानको हुबहु अक्षरमा आधारित छ, संविधानको मर्ममा होइन।'

रास्वपा सांसद कार्कीले अगाडि लेखेका छन् 'संविधान अक्षरले बाँच्ने दस्तावेज होइन, मर्मको पालनाले जीवन्त रहने हो। संविधानका अक्षरले संविधानको मर्मलाई सिमित नगरोस्। र, विपक्षी दलले यस्तै बेलामा अध्यादेश ल्याउँदाखेरिका मैले उठाएका प्रश्नहरू अहिले पनि जीवित छन्।'

## अर्थमन्त्रीको विवरणले नै 'केही भएन' भन्ने भाष्य गलत सावित : चालिसे

**काठमाडौं ।** नेपाली कांग्रेसका प्रवक्ता देवप्रकाश चालिसेले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट अर्थमन्त्री बनेका डा. स्वर्णिम वाग्लेले सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक स्थिति सम्बन्धी विवरणले देशमा केही भएन भन्ने नकारात्मक भाष्यलाई पूर्णतः गलत साबित गरिदिएको उल्लेख गरेका छन्।

अर्थमन्त्रीद्वारा सार्वजनिक तथ्यांकहरूले विगत १० वर्षमा नेपालले आर्थिक र सामाजिक क्षेत्रमा उल्लेख्य फड्को मारेको पुष्टि गरेको प्रवक्ता चालिसेले बताएका हुन्। थिति बिग्रिएको भनिएको समयमा समेत नेपालले हासिल गरेका यी उपलब्धिहरूले विगतका सरकारहरूले गरेका कामको प्रतिफल देखाएको उनले दावी गरे। देश विकासको गतिमा रहेको र हरेक क्षेत्रमा सकारात्मक परिवर्तन भइरहेको संकेत अर्थमन्त्रीले देखाएका तथ्यांकले नै गरेको स्पष्ट पार्दै चालिसेकाले भने 'स्वयं वर्तमान अर्थमन्त्रीले सार्वजनिक गरेको यो विवरणले हिजो 'देशमा केही भएन, सबै बिग्रियो' भन्दै जनतामा भ्रम छर्ने न्यारेटिभलाई तथ्यांकबाटै खण्डन गरेको छ। यसले नेपाली राज्य संयन्त्र र विगतका नीतिहरू सही दिशामा थिए भन्ने प्रमाणित गर्छ।' प्रवक्ता चालिसेले देखाएका पछिल्लो १० वर्षमा भएका ११ मुख्य उपलब्धिहरू यसप्रकार छन्:

१. कुल ग्राहस्थ्य उत्पादन : आर्थिक वर्ष २०७२/७३ मा २६ खर्ब ८ अर्ब रहेको नेपालको अर्थतन्त्रको आकार बढेर आर्थिक वर्ष २०८१/८२ मा ६१ खर्ब ७ अर्ब पुगेको छ।
२. आर्थिक वृद्धिदर : भूकम्पपछिको ०.४३ प्रतिशतको न्यून वृद्धिदरबाट सुधार हुँदै हाल ४.६१ प्रतिशत पुग्ने प्रक्षेपण गरिएको छ।
३. प्रतिव्यक्ति आयः नेपालीहरूको औसत प्रतिव्यक्ति आय ८९९ अमेरिकी डलरबाट बढेर १,५१७ डलर पुगेको छ।
४. विद्युत उत्पादनः ६९७ मेगावाटबाट बढेर उत्पादन क्षमता ४,१०५ मेगावाट पुगेको छ, जुन करिब ६ गुणाको वृद्धि हो।
५. विद्युत पहुँचः हाल देशको ९९ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगिसकेको छ।
६. सडक पूर्वाधारः कालोपत्रे सडकको सञ्जाल ११,७९८ किलोमिटरबाट विस्तार भएर २०,२०२ किलोमिटर पुगेको छ।
७. राजस्व संकलनः ४ खर्ब ५ अर्ब संकलन हुने गरेकोमा हाल ११ खर्ब ७९ अर्ब पुगेको छ।
८. विदेशी मुद्रा सञ्चिति : १० खर्ब ३९ अर्बबाट बढेर ३४ खर्ब १३ अर्ब पुगेको छ, जसले १८.५ महिनाको आयात धान्न सक्छ। यो ऐतिहासिक उपलब्धि हो।
९. साक्षरता दर : साक्षरता दर ५८ प्रतिशतबाट उल्लेख्य वृद्धि भई ७६.३ प्रतिशत पुगेको छ।
१०. गरिबी निवारण : गरिबीको रेखामुनि रहेको जनसंख्या २५.१६ प्रतिशतबाट घटेर २०.२७ प्रतिशतमा झरेको छ।
११. स्वास्थ्य र आयु : मातृ मृत्युदर १९० बाट १५१ मा र शिशु मृत्युदर ३२ बाट २८ मा झरेको छ। नेपालीको औसत आयु बढेर ७१.४ वर्ष पुगेको छ।

## बन्दुक र डोजरको भरमा समस्या समाधान हुँदैन : खनाल

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले देशमा क्रान्तिकारी भूमिसुधारविना सुकुम्वासी समस्याको दीर्घकालीन समाधान नहुने धारणा व्यक्त गरेका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र प्रधानमन्त्री वालेन्द्र शाहको कार्यशैलीको आलोचना गर्दै पूर्वधानमान्त्री खनालले अहिले भइरहेको कार्यलाई 'दमन चक्र' को संज्ञा दिँदै बन्दुक र डोजरका भरमा समस्या समाधान नहुने बताएका हुन्।

आफ्नो स्वामित्वमा एक चपरी जमिन पनि नभएको र बस्ने ठाउँ कतै नभएका व्यक्ति नै वास्तविक सुकुम्वासी हुने खनालको भनाइ थियो। उनले सुकुम्वासी समस्या तराईका झापादेखि कञ्चनपुरसम्मका १५ जिल्ला र भित्री मधेसका सुर्खेत, दाङ, नवलपरासी, चितवन, मकवानपुर र उदयपुरमा सबैभन्दा भयावह रहेको पनि बताए।

'४० लाखभन्दा बढी जनता अहिले भूमिहीन अवस्थामा छन्। उनीहरूका परिवारको स्वामित्वमा एक चपरी पनि जमिन छैन। यदि साँच्चै यो समस्या हल गर्ने हो भने स्वामित्व परिवर्तन गर्ने गरी क्रान्तिकारी भूमिसुधार गर्नैपर्छ। यो त दमन चक्रबाहेक केही पनि होइन। १० वटा परिवारलाई व्यवस्थापन गरेर पुग्दैन, ४० लाख परिवारको समस्या हल गर्नुपर्नेछ। एकाध हुकुम्वासीलाई देखाएर डोजर चलाउने, बुट र बन्दुक देखाएर जनतालाई आतंकित पारेर समाधान हुने समस्या यो होइन' उनको भनाइ थियो।

## नेकपा कार्यविभाजनप्रति रावल, वामदेव र झलनाथ असन्तुष्ट

**काठमाडौं ।** नेपाली कम्युनिस्ट पार्टी (नेकपा)को कार्यविभाजनप्रति नेताहरूले असन्तुष्टि व्यक्त गरेका छन्। कतिपय नेताहरूले कार्यविभाजनप्रति असन्तुष्टि पोख्दै पद माग गरेका छन् भने कसैलाई बुढा पुस्ताका नेताहरूलाई पद नचाहिने भन्दै जिम्मेवारी छाड्न खोजेका हुन्।

नेता भीम रावलले आफूसँग परामर्श नै नगरी सुदूरपश्चिम प्रदेश इन्चार्जको जिम्मेवारी दिएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। 'नेपाली कम्युनिस्ट पार्टीको कार्यविभाजन अन्तर्गत मलाई सुदूरपश्चिम प्रदेशको इन्चार्ज तोकिएको कुरा मसँग परामर्श विना सार्वजनिक भएकोले सार्वजनिक रूपमै यति भन्नुपर्ने भयो- सबैजसो प्रदेशमा युवा पुस्तालाई इन्चार्जको जिम्मा दिएर सुदूरपश्चिम प्रदेशमा बुढा पुस्तालाई जिम्मेवारी दिनु अलि मिलेन' सामाजिक सञ्जाल फेसबुकमा रावलले लेखेका छन् 'त्यहाँ पनि युवा पुस्तालाई नै इन्चार्जको जिम्मेवारी दिनु उपयुक्त हुन्छ।'

वरीयतामा असन्तुष्ट देखिएका नेता रावल बैठकमा अनुपस्थित भएर इन्चार्ज अस्वीकार गरेको नेताहरूले दावी गरेका छन्। नेकपाले सोमबार सुदूरपश्चिम इन्चार्जमा रावल तथा सहइन्चार्ज भानुभक्त जोशी, रञ्जिता श्रेष्ठ र खगराज भट्टलाई चयन गरेका थियो। सुदूरपश्चिम प्रदेश संयोजक हरिराम चौधरी र सहसंयोजक लालबहादुर खड्का चयन भएका थिए। वैशाख १४ गते सबेको बैठकमा पार्टी संयोजक पुष्पकमल दाहाल र सहसंयोजकले केही प्रदेशमा नेताहरूको जिम्मेवारी हेरफेर बाहेक पुरानै प्रस्ताव ल्याएकामा वरीष्ठ नेताहरू झलनाथ खनाल, वामदेव गौतमलगायत असन्तुष्टि पोखे।

खनालले आफूले एमाले र एकीकृत समाजवादीमा हुँदा विदेश विभाग प्रमुख भएर काम गरेकाले पुरानै जिम्मेवारी दावी गरेका थिए। गौतमले कार्यक्षेत्र निर्धारण नगरी गरिएको कार्य विभाजनको औचित्य नहुने धारणा राख्दै आफूलाई संगठन विभाग दिइनुपर्ने माग गरेका थिए।

### शीर्ष नेताको चर्को आलोचना

यसैबीच, चुनावी समिक्षा, नयाँ कार्यक्रम तथा कार्यदिशा र कार्य विभाजनको प्रस्तावमाथि बोल्ने दोस्रो र तेस्रो तहका नेताहरूले शीर्ष नेताहरूको चर्को आलोचना गरेको छन्। केन्द्रीय संयोजन समितिको बैठकमा शीर्ष नेताहरूद्वारा प्रस्तुत कार्यविभाजनको प्रस्तावमाथि धारणा राख्दै उनीहरूले शीर्ष नेताहरूको आलोचनामा समय खर्चिएका हुन्।

जसका कारण शीर्ष नेताहरूले बोल्ने क्रम समेत नसकिएपछि निर्णय नगरी बैठक स्थगित भएको हो। कार्यविभाजनमा पुरानै उमेर पाकेका नेताहरूले महत्त्वपूर्ण जिम्मा मागेका छन्। राजनीतिबाटै सन्यास लिनुपर्ने नेताहरूले पार्टीका महत्त्वपूर्ण कार्यकारी जिम्मा मागेपछि सहमति नभएको एक नेताले बताए।

संगठन विभाग प्रमुखमा नेता वर्षमान पुन प्रस्तावित भए पनि त्यसमा वामदेव गौतमले मागेका थिए भने विदेश विभाग प्रमुख झलनाथ खनालले मागेका थिए। भूगोलको ७ र गैर भूगोलको २ गरी ९ प्रदेशको इन्चार्ज टुंगो लगाउँदै नेकपाले कोशी प्रदेशको इन्चार्ज राजेन्द्र राई, मधेस प्रदेशको इन्चार्ज महिन्द्र राय यादव तथा सहइन्चार्जमा मात्रिका यादव र रामकुमार भट्टराईलाई तोकेको छ।

यसैगरी बागमती प्रदेशको इन्चार्ज डा. गंगालाल तुलाधर, गण्डकीको श्रीनाथ बराल, लुम्बिनीको चक्रपाणि खनाल, कर्णालीको चन्द्र बहादुर शाही र सुदूरपश्चिमको इन्चार्जमा डा. भीम रावल, उपत्यका विशेष प्रदेशको इन्चार्ज हितमान शाक्य र सम्पर्क प्रदेशको इन्चार्जमा याशोदा सुवेदीलाई तोकिएको एक नेताले जानकारी दिए।

सोमबारको बैठकमा संयोजक पुष्पकमल दाहाल प्रचण्डले मंसिरमा महाधिवेशन गर्ने प्रस्ताव पेस गरेका थिए। संविधान संशोधनका लागि ११ सदस्यीय कार्यदल गठन गरेको थियो।

**क्रमश: ओझेल...**

कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला अग्रपंक्तिमा उभिए। त्यसपछि चैतदेखि आन्दोलनले निर्णायक गति लियो।

नयाँ वर्ष, २०६३ को सुरुआतसँगै लाखौं जनता सडकमा आए। पूरै चक्रपथ मानवसागरले भरिएपछि राजा ज्ञानेन्द्र दलहरूको मार्गचित्र स्वीकार्न बाध्य भएका थिए। आन्दोलनरत दलले गरेकै मस्यौदाको आधारमा राजा ज्ञानेन्द्रले वैशाख ११ गते राति संसद पुनर्स्थापनाको घोषणा गरी संसदको बैठक समेत आह्वान गरे। त्यसै दिनलाई त्यसपछिका वर्षहरूमा नियमित रूपले लोकतन्त्र दिवसका रूपमा मनाइँदै आएको छ। वस्तुतः उक्त दिन नेपालमा गणतन्त्र स्थापनाको जगका रूपमा स्थापित बन्यो। २०६३ जेठ ४ गतेको संसदको बैठकले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गर्‍यो। बैठकले माओवादीसँगको शान्ति प्रक्रियालाई पूर्णतामा पुर्‍याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो। कतिपयले त्यसलाई नेपाली 'म्याग्नाकार्टा' समेत भन्ने गरेका छन्।

मूलतः दसवर्षे माओवादी जनयुद्धको जगमा उठेको सोही जनआन्दोलनको सफलतास्वरूप २०६४ चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन भयो। २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले २ सय ४० वर्षे राजतन्त्रको विधिवत अन्त्य गर्‍यो। पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि अग्रगामी रूपान्तरणका धेरै काम गरेको थियो।

२०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संस्थागत गर्दै नेपालको संविधान, २०७२ जारी गर्‍यो। सोही संविधान बमोजिम दुई पटक तीनै तहको निर्वाचन सम्पन्न भई लोकतान्त्रिक राज्यव्यवस्थाको संस्थागत अभ्यास अगाडि बढिरहेको छ।

कयौं सीमा, कमी र कमजोरीका बावजुद देशमा संघीय, प्रादेशिक र स्थानीय सरकारले शासन सञ्चालन गरिरहेका छन्। यही परिवर्तनको प्रवेशद्वार भएकाले वैशाख ११ गते मनाइने लोकतन्त्र दिवसको ऐतिहासिक महत्त्व रहेको तथ्य स्पष्ट छ।

# पश्चिमी वायु र न्यून चापीय प्रणालीको प्रभाव : वर्षाका कारण वायुको गुणस्तरमा सुधार

**काठमाडौं ।** पश्चिमी तथा स्थानीय वायुको प्रभावसँगै पूर्वी भाग नजिक तल्लो वायुमण्डलमा रहेको न्यून चापीय क्षेत्रको प्रभाव कायम रहेकाले हाल देशका अधिकांश स्थानमा बादल लागेको छ। तल्लो वायुमण्डलबो न्यून चापीय क्षेत्रको प्रभावले अहिले देशका अधिकांश स्थानमा बादल लागेको हो।

जल तथा मौसम पूर्वानुमान महाशाखाले बिहीबार बागमती र गण्डकी प्रदेशका धेरै तथा कोशी, लुम्बिनी र कर्णाली प्रदेशका केही स्थानमा मेघगर्जन, चट्याङ र हुरीसहित मध्यम वर्षा भइरहेको जानकारी दिँदै मधेश र सुदूरपश्चिम प्रदेशका एकदुई स्थानमा पनि यस्तै प्रकृतिको वर्षा भइरहेको जनाएको छ। बिहीबार दिउँसो देशका अधिकांश भागमा सामान्यदेखि पूर्ण बदली रहनेछ। कोशी र मधेश प्रदेशका साथै हिमाली र पहाडी भागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षा तथा हिमाली क्षेत्रमा हिमपातको सम्भावना छ।

त्यसैगरी, बिहीबार राति देशका हिमाली क्षेत्रमा सामान्य बदली रहनेछ भने पहाडी र तराई क्षेत्रमा आंशिक बदली रहने पूर्वानुमान गरिएको छ। महाशाखाले कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली तथा पहाडी भागका केही र अन्य भेगका केही स्थानमा पनि मध्यम वर्षा तथा हिमपात हुन सक्ने जनाएको छ। बिहीबार भएको वर्षाले तीव्र रूपमा वृद्धि भएको काठमाडौं उपत्यकाको वायुको गुणस्तरमा सुधार आएको छ। सुक्खा मौसम र वन डढेलोका कारण बढेको प्रदूषण वर्षासँगै क्रमशः सुधार आउन थालेको छ।

एयर क्वालिटी इन्डेक्स (एक्युआई)का अनुसार गत साता वायु गुणस्तर सूचकांक बढेर २४७ पुगेको थियो। उक्त स्तर 'धेरै अस्वस्थ' श्रेणीमा पर्ने भएकाले सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पर्ने भन्दै विज्ञहरूले चिन्ता व्यक्त गरेका थिए। बिहीबार भने प्रदूषण घटेर एक्युआइ ७९ पुगेको छ। जुन 'अस्वस्थ' श्रेणीमा पर्दछ। गत साता काठमाडौं विश्वको पहिलो प्रदूषित सहरका रूपमा सूचीकृत भएकामा आज भने २६औं स्थानमा सूचीकृत भएको एक्युआइको तथ्याङ्कमा उल्लेख छ।

एक्युआइको मापदण्डअनुसार ०-५० सम्म 'राम्रो', ५१-१०० 'मध्यम', १०१-१५० 'अस्वस्थ', १५१-२०० 'सबैका लागि अस्वस्थ', २०१-३०० 'धेरै अस्वस्थ' र ३०० भन्दामाथि 'अत्यन्त खतरनाक' मानिन्छ। वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले पछिल्लो समय पर्याप्त वर्षासहित हुरी चलेकाले वायुप्रदूषण नियन्त्रण भएको बताए।

'लामो समयसम्म वर्षा नहुँदा धुलो र धुवाँ वायुमण्डलमा थुप्रिने, वन डढेलो बढ्ने र त्यसबाट निस्किएको धुवाँ उपत्यकामा जम्ने अवस्थाले प्रदूषण उच्च हुन्छ' उनले भने 'साथै छिमेकी मुलुक भारतबाट आउने प्रदूषित हावाले पनि काठमाडौंको वायु गुणस्तरमा असर पार्ने गरेको छ।'

प्रदूषण नियन्त्रणका लागि सम्बन्धित निकायले दिगो तथा वातावरणमैत्री विकासका उपाय प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्नेमा उनको जोड थियो।

अघिल्लो दिन बुधबार पनि नेपालको पश्चिमी र स्थानीय वायुका साथै नेपालको पूर्व भूभाग नजिक तल्लो वायुमण्डलमा रहेको न्यूनचापीय क्षेत्रको प्रभावका कारण कोशी, मधेस, बागमती र गण्डकी प्रदेशलगायत देशका हिमाली र पहाडी भूभागमा अधिकांश बादल लागेको साथै बाँकी भूभागमा आंशिक बादल लागेको महाशाखाले छ। गण्डकी प्रदेशका केही स्थान तथा बागमती र कर्णाली प्रदेशको एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा भइरहेको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार आज दिउँसो कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशलगायत कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भूभागमा अधिकांश बादल लाग्ने तथा सुदुरपश्चिम प्रदेशको तराई भू-भागमा साधारणतया बादल लाग्नेछ। कोशी, मधेस, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका धेरै स्थान तथा कर्णाली र सुदूरपश्चिम प्रदेशको केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना रहेको महाशाखाले जनाएको छ।

कोशी प्रदेशको पहाडी भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको पनि सम्भावना छ। महाशाखाका अनुसार तराई भूभागका केही स्थानमा हुरीबतासको पनि सम्भावना रहेको छ।

महाशाखाले बुधबार जारी गरेका मौसम 'बुलेटिन'मा राति कोशी, मधेस, बाममती र गण्डकी प्रदेशका बादल लाग्ने र तराई भूभागमा साधारणतया बादल लाग्ने तथा कोशी, मधेस, बागमती र गण्डकी प्रदेशका धेरै स्थान तथा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली भूभागका केही स्थानहरूमा मेघगर्जन र चट्याङसहित वर्षा तथा हिमपातको सम्भावना रहेको उल्लेख गरिएको थियो।

त्यस्तै लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराई भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना रहेको उल्लेख गर्दै सो बुलेटिनमा कोशी र गण्डकी प्रदेशको पहाडी भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित भारी वर्षाको सम्भावना रहनुका साथै तराई भूभागका केही स्थानमा हुरीबतासको पनि सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ।

# हुरी तथा चट्याङसहितको वर्षाले हिउँदे बालीमा क्षति

**काठमाडौं ।** पोखरामा केही दिनयता आएको हुरी तथा चट्याङसहितको वर्षाले गण्डकी प्रदेशमा हिउँदेबालीमा क्षति पुर्‍याएको छ। पोखरा र आसपासका क्षेत्रमा समान्यतः हरेक दिन साँझ हुरी तथा चट्याङसहितको वर्षाले विशेषगरी लहरे तरकारी, मकैबाली आदिमा क्षति पुर्‍याएको किसानले गुनासो गरेका हुन्।

पन्ध्र दिनअघि आएको असिनाका कारण तरबुजा, काँक्रोजस्ता लहरे बालीमा क्षति पुर्‍याएकामा केही दिनयता आउन थालेको हुरी तथा चट्याङसहितको पानीले तरकारीखेतीसँगै पशुधनमा समेत क्षति पुगेको पोखरा-३३ सुरौदीमा सञ्चालित तिखेढुङ्गा पशुपालन तथा कृषि फार्मका सञ्चालक रमेश आचार्यले जानकारी दिए।

मंगलबार दिउँसोको हुरीसहित चट्याङ पर्दा फार्ममा पालिएको भैंसी मरेको जानकारी उनले दिए। कृषिमा केही गरौं भनेर लागे पनि प्रकृतिजन्य जोखिमले आफूहरू समयसमयमा मर्कामा पर्ने गरेको जनाउँदै किसानको पीडालाई राज्यले बुझ्नुपर्ने समेत उनले बताए।

# संक्रमणकालीन न्याय छिटो निष्कर्षमा पुर्‍याउन सर्वोच्चको परमादेश

**काठमाडौं ।** सर्वोच्च अदालतले संक्रमणकालीन न्यायसम्बन्धी उजुरीको अनुसन्धान गरी छिटो निष्कर्षमा पुर्‍याउन परमादेश जारी गरेको छ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी, अब्दुल अजीज मुसलमान र टेकप्रसाद ढुंगानाको संवैधानिक इजलासले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेका उजुरीको अनुसन्धानलाई छिटो निष्कर्षमा पुर्‍याउन सरकारका नाममा परमादेश जारी गरेको हो।

प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बिहीबार सोबारे जानकारी दिँदै भने 'न्यायको पहुँचको अवरोध हटाउनका लागि दुई आयोगमा दर्ता भएका उजुरी प्रभावकारी रूपमा अनुसन्धान अगाडि बढाई छिटो निष्कर्षमा पुर्‍याउन परमादेश जारी गरिएको छ।' त्यही क्रममा उनले थपे 'यस विषयमा विगतमा भएका आदेश तथा निर्देशनात्मक आदेशको कार्यान्वयन गरी छिटो निकास दिन सरकारका नाममा परमादेश जारी गरेको छ।'

संवैधानिक इजलासले बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन (तेस्रो संशोधन), २०८१ अन्तर्राष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको फैसला, कानुनअनुसार नै संशोधन गरिएको हुनाले संवैधानिक भएको ठहर गरेको छ। विस्थापित संविधानसभाका ज्येष्ठ सदस्य कुलबहादुर गुरुङ र अधिवक्ता डा ज्ञानबहादुर बस्नेत समेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा उक्त ऐनको तेस्रो संशोधन असंवैधानिक भएको र दुवै आयोगका उजुरीलाई छिटो अनुसन्धान गरी निष्कर्षमा पुर्‍याउन माग गरिएको थियो।

ऐनको तेस्रो संशोधनमा मानव अधिकारको गम्भीर उल्लंघन भन्ने शब्दको सट्टामा विभिन्न ठाउँमा मानव अधिकारको उल्लंघन वा मानव अधिकारको गम्भीर उल्लंघन भनेर राखिएको छ। रिट निवेदनमा मानव अधिकारको गम्भीर उल्लंघन भन्ने शब्द मात्रै राखिनुपर्ने माग गरिएको थियो। यसअघि समेत संक्रमणकालीन न्यायसम्बन्धी उजुरीको अनुसन्धान गरी छिटो निष्कर्षमा पुर्‍याउने विषयमा पटक-पटक उठ्दै आएको छ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं !

सामाजिक सञ्जालमा:

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोस्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन ।

यस्ता कार्य कानुनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम)** [९८४९६००२०९] बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने** [९८४६५२८५०२]

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं